# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७४ | काठमाडौं | बुधबार, २८ असोज २०८३ | Prabhab National Daily | Wednesday, 14 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कांग्रेस १५औं महाधिवेशन

## देउवा समूह छाडेर आएका दुई नेता सहमहामन्त्रीमा निर्वाचित

- देउवा समूह छाडेर असोज १ गते संस्थापन प्रवेश गरेका रामहरि खतिवडा र जीवनबहादुर शाही सहमहामन्त्रीमा निर्वाचित
- सहमहामन्त्री (महिला) तर्फ प्रतिमा गौतम निर्वाचित


रामहरि खतिवडा


अजयबाबु शिवाकोटी


जीवनबहादुर शाही

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनको मतपरिणाम आउने क्रम जारी छ । पदाधिकारीमा अधिकांश मुख्य पद सभापति गगन थापा पक्षले जित निकाल्दै गरेको बेला दुई सहमहामन्त्रीमा भने पूर्वसभापति शेरबहादुर देउवा समूह छाडेर आएका नेता निर्वाचित भएका छन् ।

खुला सहमहामन्त्रीमा निर्वाचित रामहरि खतिवडा यसअघि देउवा समूहमा थिए । गगन समूहका नेताहरूलाई भारी मतले पछि पार्दै खतिवडा सहमहामन्त्रीमा निर्वाचित भएका हुन् । असोज १ मा मात्र संस्थापन समूहमा खुलेका खतिवडाको जितलाई धेरैले आश्चर्यपूर्वक हेरेका छन् ।

खुलातर्फ दुई सहमहामन्त्रीको कोटामा अजयबाबु शिवाकोटी, डिल्लीराम सुवेदी र रमेश धमला गगन पक्षका उम्मेदवार हुन् । खतिवडाको जितले शिवाकोटी दोस्रो सहमहामन्त्री बन्न सफल भएका छन् । खतिवडा असोज १ गते मीनबहादुर विश्वकर्मालगायतका नेतासहित केन्द्रीय समिति बैठकमा सहभागी भएका थिए ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिले मत परिणाम भने औपचारिकरूपमा सार्वजनिक गरिएको छैन । विशेष महाधिवेशनमा सक्रिय रहेका सुवेदी भने पराजित भएका छन् । विशेष महाधिवेशनमै सक्रिय बनेका रमेश धमलाले कम मतमा चित्त बुझाए । यो समूहमा देवेन्द्रराज कँडेल, राजीव ढुंगाना, विकास कोइराला, अमृत अर्याल र विमलराज क्षत्री पनि प्रतिस्पर्धामा थिए ।

यता पिछडिएको क्षेत्र क्लस्टरतर्फबाट जीवनबहादुर शाही सहमहामन्त्रीमा निर्वाचित भएका छन् । शाही पनि देउवा गुट छोडेर संस्थापनमा पसेका नेता हुन् । यो समूहमा चलचित्र निर्देशक मिन भामले उम्मेदवारी फिर्ता लिएकाले शाहीलाई जित निकाल्न सहज भएको हो । शाहीले तीन हजार ९०६ मत पाउँदा उनका निकटतम प्रतिद्वन्द्वी जनकराग गिरीले एक हजार ३७० मतमात्र पाए ।

सहमहामन्त्री (महिला) तर्फ प्रतिमा गौतम निर्वाचित भएकी छन् । उनी पाँच हजार ११६ मतसहित सहमहामन्त्री निर्वाचित भएकी हुन् । अर्की उम्मेदवार नानुमैया बास्तोलाले एक हजार ५५४ मत ल्याएकी छन् ।

उनीहरू दुवै गत पुसमा भएको विशेष महाधिवेशनबाट केन्द्रीय सदस्य चयन भएका थिए ।

### १५ जना महिला सदस्यमा को-को निर्वाचित भए ?

महिला खुलातर्फ १५ जना केन्द्रीय सदस्यमा वासना थापा सर्वाधिक पाँच हजार १९३ मत प्राप्त गर्दै पहिलो स्थानमा निर्वाचित भएकी छन् । महिला खुलातर्फको केन्द्रीय सदस्य पदमा उर्मिला थपलिया तीन हजार ९७० मतसहित दोस्रो स्थानमा रहँदा निमा गिरी तीन हजार ९०६ मत प्राप्त गरी तेस्रो भएकी छन् । उर्मिला डा. शेखर कोइराला समूहकी नेतृ हुन् । त्यस्तै, कुसुमदेवी थापा तीन हजार २५० मतसहित चौथो र धनाकुमारी खतिवडा तीन हजार २३१ मतसहित पाँचौं स्थानमा रहेर निर्वाचित भएकी छन् ।

निर्वाचित हुने अन्य उम्मेदवारमा विनिता खड्का, अनिता देवकोटा, रीता सेन ओली, सृजना अधिकारी, मुना भुसाल, गीता सत्याल, कल्पना तिवारी, रीता थापा मगर, गंगा दाहाल र उमा दाहाल छन् । गीताले दुई हजार ४२०, कल्पनाले दुई हजार ३६३, रीताले दुई हजार ३०८, गंगाले दुई हजार २९८ र उमा दाहालले दुई हजार २१५ मत प्राप्त गर्दै केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । महिला खुलातर्फको १५ सदस्यीय समूहमा निर्वाचित हुन ३६ उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो ।

# अडियो प्रकरणले विवादमा तानिए सांसद सुनार

## कारबाहीबारे अलमलमा सरकार र प्रहरी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** एक महिलासँगको आपत्तिजनक अडियो सार्वजनिक भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनार विवादमा तानिएका छन् । दलित अधिकारका लागि आवाज उठाउँदै राजनीतिमा चिनिएका खगेन्द्र आफैंले दलित महिलालाई गरिएको भनी बाहिर आएको आपत्तिजनक दमनले अहिले राजनीतिक क्षेत्र तातेको छ ।

बागमती प्रदेशकी पूर्वराज्यमन्त्रीसमेत रहेकी ती महिलालाई आपत्तिजनक शब्द प्रयोग गर्दै गालीगलौच गरेको अडियो जनआस्थाले सार्वजनिक गरेपछि सत्तारुढ दल रास्वपाले सार्वजनिक कार्यक्रममा जान सुनारलाई रोक लगाएको छ ।

‘अनुसन्धान प्रक्रिया प्रभावित नहोस् र पदीय नैतिकता कायम रहोस् भन्नका खातिर, उक्त छानबिन निष्कर्षमा नपुग्दासम्मका लागि उहाँलाई सार्वजनिक पदको हैसियतमा कुनै पनि औपचारिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिइन्छ,’ मंगलबार रास्वपाका महामन्त्री विपिन आचार्यले जारी गरेको विज्ञप्तिमा भनिएको छ । रास्वपाले यस विषयको सत्यतथ्य छानबिन गर्न पार्टीको केन्द्रीय अनुशासन आयोगलाई तत्काल आन्तरिक छानबिन प्रक्रिया अगाडि बढाउन निर्देशन दिइसकिएको जनाएको छ ।

सत्तारुढ दल रास्वपाका सभापति रवि लामिछाने लाइनका नेताहरू सुनारले तत्काल सांसद पदबाट राजीनामा दिनुपर्ने बताउँछन् । तर संसदीय दलको लाइन भने तत्काल राजीनामा दिनुभन्दा छानबिनको



निष्कर्षपछिमात्र कारबाहीको कुरा गर्नुपर्ने धारणा राख्छन् । रास्वपा संसदीय दलका प्रमुख सचेतक कविन्द्र बुर्लाकोटीले राज्यले छानबिन गरे पार्टीको सहयोग रहने बताए । ‘राज्यको संयन्त्रले गर्नुपर्ने आवश्यक अनुसन्धान गरियोस् । त्यसमा पार्टीको तर्फबाट सहयोग हुन्छ । राज्यले गर्ने एउटा पाटो कुरा भयो । पार्टीको नेता भएको कारणले गर्दा पार्टीले गर्ने पाटोमा अनुसन्धान सुरु गरिसकेको छ,’ बुर्लाकोटीले भने ।

रास्वपाले यो अनुसन्धान चाँडै टुंग्याउने उनी बताउँछन् । ‘यो लामो समय जाँदैन । जे छानबिन हुनुपर्ने हो हुन्छ । सही छ, गलत छ या केही समस्या छ छैन या बाहिर अफवाहमात्रै हो या त्यो अडियो नक्कली हो या के हो । सत्यतथ्य आएपछि आवश्यक कारबाही प्रक्रिया अघि बढ्छ,’ बुर्लाकोटीले भने ।

सांसद सुनारले भने यो अडियो

> “
> अनुसन्धान प्रक्रिया प्रभावित नहोस् र पदीय नैतिकता कायम रहोस् भन्नका खातिर, उक्त छानबिन निष्कर्षमा नपुग्दासम्मका लागि खगेन्द्र सुनारलाई सार्वजनिक पदको हैसियतमा कुनै पनि औपचारिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिइन्छ ।
>
> ■ **राष्ट्रिय स्वतन्त्र पार्टी**
>
> राज्यको संयन्त्रले गर्नुपर्ने आवश्यक अनुसन्धान गरियोस् । त्यसमा पार्टीको तर्फबाट सहयोग हुन्छ । राज्यले गर्ने एउटा पाटो कुरा भयो । पार्टीको नेता भएको कारणले गर्दा पार्टीले गर्ने पाटोमा अनुसन्धान सुरू गरिसकेको छ ।
>
> ■ **कविन्द्र बुर्लाकोटी**
> **प्रमुख सचेतक, रास्वपा संसदीय दल**
>
> सामाजिक सञ्जालमा जे अडियो आएको छ । त्यसमा मेरो कुनै संलग्नता छैन । यसकै हो भनेर क्यारिकेचर गर्न लगाएर एआईको प्रयोग गरेर मेरै हो भनेर फसाउने प्रपञ्च गरिएको छ ।
>
> ■ **खगेन्द्र सुनार**
> **प्रतिनिधिसभा सदस्य**

नक्कली भएको दाबी गरेका छन् । यो अडियोमा आफ्नो कुनै संलग्नता नरहेको सुनारले बताएका छन् । ‘अहिले सामाजिक सञ्जालमा जे अडियो आएको छ । त्यसमा मेरो कुनै संलग्नता छैन । यसकै हो भनेर क्यारिकेचर गर्न लगाएर एआईको प्रयोग गरेर मेरै हो भनेर फसाउने प्रपञ्च गरिएको छ,’ सुनारले भिडियो सन्देश जारी गर्दै भनेका छन् ।

प्रहरीभित्रको भ्रष्टाचारविरूद्ध प्रश्न गरेदेखि आफूमाथि निरन्तर प्रहार भइरहेको सुनारको दुःखेसो छ । ‘विभिन्न आरोप प्रत्यारोपको सिकार भइरहेको छु । हिजोदेखि मेरो हो भनेर कोही काल्पनिक महिलासँगको अडियो सार्वजनिक गरिएको छ, आजसम्म सार्वजनिक भएका सबै आरोपहरू झूटा हुन्,’ सुनारले भनेका छन्, ‘यी सबै कुराको जवाफ दिन जनताको कठघरामा म उभिन तयार छु ।’

रास्वपा केन्द्रीय सदस्यसमेत रहेका उनी बाँके-३ बाट गत फागुन २१ गते निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । विवादमा तानिएसँगै सुनार पार्टीको पूर्वनिर्धारित कार्यक्रम बीचमै छाडेर दाङबाट काठमाडौं फर्किएका छन् ।

रास्वपाले आगामी निर्वाचन लक्षित सर्वेक्षणका लागि सुनारसहित सांसदहरू नगेन्द्रकुमार गुप्ता र सुष्मा स्वर्णकार (डिम्पल) लाई दाङ खटाएको थियो । आइतबार बेलुकी तुलसीपुर आइपुगेको टोलीले पहिलो दिन पश्चिम दाङका चार पालिकामा सर्वेक्षण सकेको थियो ।

कार्यतालिका अनुसार मंगलबार घोराहीलगायतका क्षेत्रमा छलफल तय भए पनि सांसद सुनारविना नै अन्य दुई सांसदले बंगलाचुली गाउँपालिकामा पुगेर कार्यक्रम अघि बढाएका छन् । रास्वपा दाङका सभापति किरण खनालले बिहान ९ बजे नै सांसद सुनारलाई बिदाइ गरिएको र अन्य कार्यक्रम भने यथावत् रहेको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# श्रमिक अभाव भएका क्षेत्रमा कोटा परिवर्तन गर्दै जापान

- जापानको स्पेसिफइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) कार्यक्रमअन्तर्गत कोटा परिवर्तन गर्न लागिएको जानकारी
- यस वर्षको अन्त्यसम्ममा मन्त्रिपरिषद्बाट स्वीकृत गराउने तयारी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जापानले केही क्षेत्रमा विदेशी श्रमिकको कोटा परिवर्तन गर्ने तयारी गरेको छ । विदेशी श्रमिकको भर्नामा निर्धारण गरिएको सीमा नबढाई जनशक्ति अभाव भएका क्षेत्रमा विदेशी श्रमिकको प्रवेशलाई निरन्तरता दिन यस्तो तयारी गरेको जनाइएको छ ।

जापानको स्पेसिफइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) कार्यक्रमअन्तर्गत परिवर्तन गर्न लागिएको जापानी समाचार संस्था ‘द एसिया निक्केई’ले जनाइएको छ । जापानले गत अप्रिलदेखि रेस्टुरेण्ट क्षेत्रमा विदेशी श्रमिक लग्न रोकेपछि स्वास्थ्य संस्था तथा सामाजिक कल्याण केन्द्रमा खाना बनाउने तथा वितरण गर्ने कामलाई खाद्य तथा पेयपदार्थ उत्पादनअन्तर्गत राख्ने प्रस्ताव अघि सारेको जनाइएको छ । फुड सर्भिसमा अधिकतम ५० हजार श्रमिक लग्ने भनिएकोमा कोटा नजिक पुगेपछि श्रमिकको भर्ना रोकिएको थियो । नयाँ योजना कार्यान्वयनमा आए उक्त क्षेत्रमा नयाँ कामदारको भर्ना पुनः सुरु हुने छ ।

समाचारका अनुसार जापानको अध्यागमन सेवा निकाय तथा अन्य सरोकारवालाले यससम्बन्धी प्रस्तावमा समन्वय गरिरहेका छन् । अक्टोबरको मध्यतिर विज्ञ समूहको छलफल सक्ने र यस वर्षको अन्त्यसम्ममा मन्त्रिपरिषद्बाट स्वीकृत गराउने तयारी रहेको छ । यदि प्रस्ताव स्वीकृत भए स्वास्थ्य तथा कल्याण संस्थामा खाना बनाउने कामका लाग नयाँ योग्यता प्रमाणपत्र जारी गर्ने प्रक्रिया सन् २०२७ को अप्रिलदेखि पुनः सुरु हुने जनाइएको छ ।

जापानले सन् २०१९ मा श्रमिक अभाव भएका क्षेत्रमा विदेशी कामदार भित्र्याउने उद्देश्यले एसएसडब्ल्यू कार्यक्रम सुरु गरेको थियो । जसअन्तर्गत विभिन्न क्षेत्रमा पाँच वर्षका लागि श्रमिकहरू लगिन्छ । पछिल्लो प्रस्तावले एउटा क्षेत्रमा श्रमिक अभाव हुँदा अर्को क्षेत्रको कोटा प्रयोग गरेर प्रवेश जारी राख्ने अभ्यास सुरु गर्न खोजेको देखिएको छ ।

केयरगिभर क्षेत्रमा पनि जापानले पुनः कोटा व्यवस्थापन गर्ने तयारी गरिरहेको छ । उक्त क्षेत्रमा हाल रहेको एसएसडब्ल्यू कार्यक्रमको कोटामा ‘इम्प्लोइमेन्ट फर स्किल डेभलपमेन्ट’ (इएसडी)बाट २० हजार श्रमिक स्थानान्तरण गर्ने जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

इसिमोडको अध्ययन प्रतिवेदन

# भोटेकोशी बाढीअघि ४० सेन्टिमिटरसम्म भू-विस्थापन

- लाङटाङ लिरूङको उत्तरी भीरबाट अनुमानित १३ करोड २० लाख घनमिटर चट्टान र हिमनदीको बरफ खसेर लेन्दे खोलाको उपत्यकामा पुगेको अध्ययनमा देखियो
- उक्त घटनालाई परम्परागत हिमताल विस्फोटजन्य बाढी नभई चट्टान र हिमनदीको बरफ खस्दा उत्पन्न भएको शृंखलाबद्ध विपद्का रूपमा पहिचान



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गत भदौ १० गते रसुवा-केरुङ क्षेत्रमा गएको विनाशकारी बाढीअघि लाङटाङ लिरुङ हिमालको उत्तरी भिरमा ४० सेन्टिमिटरसम्म भू-विस्थापन भएको पाइएको छ ।

एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड) ले मंगलबार सार्वजनिक गरेको प्रारम्भिक वैज्ञानिक अध्ययनअनुसार सन् २०२६ जुलाई ७ देखि अगस्ट २४ सम्मको ४८ दिनको अवधिमा ‘सेन्टिनेल-१’ भूउपग्रहबाट प्राप्त राडार तथ्यांकले उक्त क्षेत्रको सतहमा ४० सेन्टिमिटरसम्म विस्थापन भएको देखाएको हो ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्छोले राष्ट्रिय विपद् जोखिम न्यूनीकरणसम्बन्धी पाँचौं राष्ट्रिय सम्मेलनमा ‘सन् २०२६ अगस्ट २६ को केरुङ-रसुवा विपद् बुझाइ’ शीर्षकको अध्ययन सार्वजनिक गरेका हुन् ।

अध्ययनअनुसार लाङटाङ लिरुङको उत्तरी भीरबाट अनुमानित १३ करोड २० लाख घनमिटर चट्टान र हिमनदीको बरफ खसेर लेन्दे खोलाको उपत्यकामा पुगेको थियो । त्यसले चट्टान, बरफ, पानी र गेग्रानसहितको तीव्र बहाव सिर्जना गर्दै नेपाल-चीन सीमावर्ती क्षेत्रमा विनाश निम्त्याएको थियो ।

अध्ययनले उक्त घटनालाई परम्परागत हिमताल विस्फोटजन्य बाढी (ग्लेसियल लेक आउटबर्स्ट फ्लड-ग्लोफ) नभई चट्टान र हिमनदीको बरफ खस्दा उत्पन्न भएको शृंखलाबद्ध विपद्का रूपमा पहिचान गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त विपद्मा नेपालतर्फ कम्तीमा एक हजार ४५१ जनाको मृत्यु भएको छ भने पाँच हजार ७४५ जना बेपत्ता छन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# अडियो प्रकरणले...

### प्रहरी सरकारको निर्देशन कुर्दै

सांसद सुनारमाथि अनुसन्धान गर्न प्रहरी सरकारको निर्देशन कुरेर बसेको छ । गृह मन्त्रालयबाट कुनै निर्देशन नआएको भन्दै प्रहरी फौजदारी कसूर आकर्षित हुने मुद्दामा मौनता साँधेर बसेको हो ।

खगेन्द्रले केही समययता प्रहरी महानिरीक्षक दानबहादुर कार्कीमाथि भ्रष्टाचारमा संलग्न भएको आरोप लगाउँदै आएका छन् । जसले गर्दा प्रहरी सुन्नै नसकिने खालको अडियो बाहिर आउँदा पनि खगेन्द्रमाथि अनुसन्धानका लागि तयार छैन । प्रहरी यतिखेर तालुकवाला गृह मन्त्रालयको निर्देशन कुरेर बसेको छ । 'गृह मन्त्रालयबाट केही निर्देशन आयो भने हामी अनुसन्धान थाल्छौं,' एक उच्च प्रहरी अधिकृतले भने ।

### सुनारमाथि यसअघि पनि तीनवटा मुद्दा

राजनीतिमा आउनुअघि पत्रकारितामा सक्रिय खगेन्द्रको विगत विवादित देखिन्छ । दैलेख नारायण नगरपालिका वडा नम्बर-२ स्थित भैसेखोर घर भएका सुनार यसअघि तीनवटा फौजदारी मुद्दामा संलग्न रहेको प्रहरीको 'सिआरएस रेकर्ड'मा देखिन्छ । २०८१ असार ७ मा सुनारले सुर्खेतस्थित मेहेलकुना अस्पतालमा तोडफोड गरेर स्वास्थ्यकर्मीमाथि हातपात गरेका थिए । प्रहरीले अनुसन्धान गरेर अदालतमा पेस गरेको मुद्दा अहिले विचाराधीन छ । २०८१ असार १४ मा दायर भएको मुद्दामा अदालतले खगेन्द्रलाई '३५ दिने पुर्जी तामेल गरेर उपस्थित गराउनू' भन्दै जिल्ला प्रहरी कार्यालय दैलेखमा पत्राचार गरेको थियो । सुनार अदालतमा हाजिर भए, तर मुद्दा टुंगिएको छैन ।

सुर्खेत प्रहरीले २०८० असार ३ मा उनीविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएको थियो । त्यसबेला उनी जिल्ला प्रशासन कार्यालय सुर्खेतमा २० हजार रूपैयाँ धरौटी बुझाएर छुटेका हुन् । सांसद सुनारविरुद्ध काभ्रे जिल्ला अदालतमा विद्युतीय कारोबारसम्बन्धी कसुरको मुद्दा पनि विचाराधीन छ । मनिषा गौतमले दिएको जाहेरीको आधारमा प्रहरीले उनलाई मुद्दा चलाएको थियो । काभ्रे जिल्ला अदालतबाट जारी भएको सात दिने र ३५ दिने पक्राउ पुर्जी तामेल गरेर पठाउन २०८२ साउन ५ मा अदालतले जिल्ला प्रहरी कार्यालय दैलेखलाई पत्राचार गरेको थियो । २०८२ कात्तिक १३ मा सुनारले काभ्रे जिल्ला अदालतमा उपस्थित भएर बयान दिएका थिए ।

थुनछेक बहसपछि न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको इजलासले उनलाई ५० हजार धरौटीमा रिहा गरेको थियो । त्यसबेला पनि खगेन्द्रले पीडित महिलालाई फेसबुक लाइभमा आपमानजनक र आपत्तिजनक भाषा प्रयोग गरेको प्रहरीको अनुसन्धान निष्कर्ष छ । उनीविरुद्धको तीन वटै मुद्दाको अन्तिम फैसला भइसकेको छैन ।

■ ■ ■

# श्रमिक अभाव...

गत जुलाइसम्म केयरगिभरममा ८१ हजार विदेशी श्रमिक एसएसडब्ल्यूअन्तर्गत गएका थिए । केयरगिभर क्षेत्रका अधिकतम सीमा एक लाख २६ हजार रहेको जनाइएको छ । नयाँ कार्यक्रमबाट कोटा सारिएपछि केयरगिभरमा कामदार भर्ना रोक्ने योजना केही समयका लागि टार्न सकिने जनाइएको छ ।

जापानले आगामी अप्रिलदेखि इएसडी सुरु गर्दै छ । यसले विद्यमान टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम (टिआइटिपी)लाई प्रतिस्थापन गर्ने जनाइएको छ । तर नयाँ कार्यक्रमअन्तर्गत केयरगिभर क्षेत्रमा उपलब्ध हुने स्थान करिब ६० प्रतिशतले घट्न सक्ने बुझिएको छ । जसकारण ठूलो सहर बाहिरका क्षेत्रमा कामदार खोज्न समस्या हुनसक्ने समाचारमा भनिएको छ ।

जापानमा गत जुलाइसम्म एसएसडब्ल्यूअन्तर्गत गएका श्रमिकको संख्या चार लाख ३२ हजार नाघेको तथ्यांक छ । उक्त मुलुकमा सन् २०२९ मार्चसम्मका लागि आठ लाख पाँच हजारको सीमा निर्धारण गरिएको छ । तर कुन क्षेत्रमा कति कामदार लग्ने भन्ने निर्णयले नेपाली श्रमिकले पाउने अवसरको निर्धारण गर्छ ।

गत अप्रिलदेखि फुड सर्भिसको भर्ना रोकिँदा त्यस क्षेत्रमा जाने तयारी गरिरहेका धेरै युवा प्रभावित भएका थिए । नयाँ निर्णयले जापानको सो क्षेत्रमा रोजगारीमा जाने तयारी गरेकाहरूलाई अवसर प्रदान गर्ने देखिएको छ ।

सीपमा आधारित रोजगारीमा विदेसिनेहरूका लागि जापान महत्त्वपूर्ण श्रम गन्तव्य हो । गत आर्थिक वर्षमा नेपालबाट २२ हजार २६६ जना श्रम स्वीकृति लिएर जापान गएका थिए । उक्त मुलुकमा केयरगिभर, ग्राउण्ड हयाण्डलिङ, फुड सर्भिस, कृषिलगायतका क्षेत्रमा श्रमिकहरू जाँदै आएका छन् ।

■ ■ ■

# भोटेकोशी बाढीअघि...

चीनतर्फका अधिकारीले ४३ जनाको मृत्यु र ५१९ जना बेपत्ता भएका जानकारी दिएका थिए । अध्ययनमा भूउपग्रहबाट प्राप्त तथ्यांक, भूकम्पीय अभिलेख, ड्रोन सर्वेक्षण, जलविज्ञानसम्बन्धी विश्लेषण तथा स्थलगत मूल्यांकनलाई एकीकृत गरी विपद्को कारण, प्रभाव र पूर्वसूचना प्रणालीको अवस्थाबारे विश्लेषण गरिएको छ । भूउपग्रहबाट पहाडको सतहमा भएको विस्थापन पत्ता लागे पनि त्यसका आधारमा पहिरो वा चट्टान खस्ने घटना ठ्याक्कै कहिले हुन्छ भन्ने पूर्वानुमान गर्न नसकिने अध्ययनले स्पष्ट पारेको छ । यद्यपि, यस्ता प्रविधिबाट जोखिमयुक्त पहाडी भिर पहिचान गरी थप निगरानी गर्न सकिने वैज्ञानिकहरूको भनाइ छ ।

'यस घटनाले केही जोखिमयुक्त पर्वतीय भीरहरूमा विनाशकारी घटना हुनुअघि नै सतहमा मापन गर्न सकिने परिवर्तन देखिन सक्ने तथ्य उजागर गरेको छ,' इसिमोडका महानिर्देशक ग्याम्छोले भनेका छन्, 'अबको चुनौती वैज्ञानिक जानकारीलाई प्रभावकारी निगरानी र क्षेत्रीय सहकार्यका माध्यमबाट व्यावहारिक जोखिम न्यूनीकरणमा रूपान्तरण गर्नु हो ।'

अध्ययनअनुसार लाङटाङ लिरुङमा चट्टान र बरफ खस्ने घटना नेपाली समयअनुसार बिहान ८:३७ बजे भएको थियो । त्यसबाट उत्पन्न गेग्रानसहितको बाढी करिब सात मिनेटमै सीमावर्ती क्षेत्रमा पुगेको थियो । मोबाइल सन्देशमार्फत पूर्वसूचना बिहान ९:१५ देखि ९:१६ बजेतिर पठाइएको थियो, जुन सीमावर्ती क्षेत्र प्रभावित भइसकेको करिब २५ देखि ३० मिनेटपछिको समय हो ।

वर्षा र नदीको जलसतहमा आधारित विद्यमान पूर्वसूचना प्रणालीले अचानक हुने पर्वतीय चट्टान पतन र हिमनदी भत्किने घटनाको जोखिम पहिचान गर्न नसक्ने अध्ययनले औंल्याएको छ । त्यसैले भूउपग्रह निगरानी, भूकम्पीय अवलोकन, जलविज्ञानसम्बन्धी तथ्यांक, प्रभावमा आधारित पूर्वानुमान तथा सीमापार सूचना आदानप्रदानलाई एकीकृत गर्नुपर्ने सुझाव दिइएको छ ।

चट्टान खस्नुका सम्भावित कारणमा भूगर्भीय कमजोरी, सन् २०१५ को भूकम्पबाट भएको क्षति, पर्माफ्रोस्ट अर्थात् जमेको जमिन पग्लिनु, हिमनदीमा आएको परिवर्तन तथा हिउँ र बरफ क्रमशः जम्मा हुँदै जानु हुन सक्ने अध्ययनमा उल्लेख छ । यद्यपि, घटनाको एउटै निश्चित कारण पुष्टि भइसकेको छैन ।

यसैबीच, सन् २०२५ जुलाईमा पेरिपु क्षेत्रमा हिमनदीको सतहमा बनेको तालबाट पानी निस्किएर बाढी आएको थियो भने सन् २०२६ अगस्टमा लाङटाङ लिरुङबाट चट्टान र बरफ खसेर सोही सीमावर्ती करिडोरमा अर्को विनाशकारी विपद् भएको थियो । यी दुई घटनाले १३ महिनाभित्र फरक प्रकृतिका दुई ठूला सीमापार विपद् सामना गर्नुपरेको देखाएको छ । बूढीगण्डकी जलाधार क्षेत्रमा पनि चट्टान र हिमनदी खस्ने छुट्टै घटना भएको भूउपग्रह तस्बिरबाट पुष्टि भएको अध्ययनमा उल्लेख छ । उक्त घटनाको क्रम, प्रभाव तथा भविष्यमा जोखिम न्यूनीकरणका लागि आवश्यक उपायबारे थप अध्ययन भइरहेको छ ।

इसिमोडका जलवायु तथा वातावरणीय जोखिम प्रमुख च्याङगोङ झाङले भूउपग्रहबाट प्राप्त तथ्यांक र वैज्ञानिक विधिले विगतका विपद् बुझ्नमात्र नभई भविष्यमा जोखिमयुक्त हुनसक्ने क्षेत्र पहिचान गर्न पनि सहयोग पुग्ने बताएका छन् । इसिमोड र चीनस्थित साझेदार संस्थाको संयुक्त टोलीले यसै साता विपद् प्रभावित क्षेत्रमा थप प्रमाण संकलन गर्न स्थलगत अध्ययन सुरु गर्ने जनाइएको छ । उक्त अध्ययनले जोखिमयुक्त क्षेत्र पहिचान, निगरानी तथा हिन्दूकुश हिमालय क्षेत्रमा पूर्वसूचना प्रणाली सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# सामाजिक सञ्जालमा वाक स्वतन्त्रताको नाममा बेथिति

**चितवन** (**प्रस**)– पछिल्लो समय सामाजिक सञ्जालको दुरूपयोग बढेको जनाउँदै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । राष्ट्रिय मानवअधिकार आयोगले नेपाल पत्रकार महासंघ चितवनसँगको सहकार्यमा मंगलबार यहाँ आयोजना गरेको 'अभिव्यक्ति स्वतन्त्रताको अवस्था' विषयक छलफलमा सहभागीहरूले सामाजिक सञ्जालमार्फत वाक स्वतन्त्रताको नाममा मनोमानी वढेको बताएका हुन् ।

नेपालमा अभिव्यक्ति स्वतन्त्रताको अवस्थाबारे आयोगले देशव्यापीरूपमा गरिरहेको अध्ययनमा आयोजित कार्यक्रममा पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मीलगायतले अभिव्यक्ति स्वतन्त्रताको नाममा सामाजिक सञ्जालमा अमर्यादित गतिविधि बढेको बताए ।

उनीहरूले आफ्ना अभिव्यक्ति व्यक्त गर्दा अर्काको मानमर्दन हुन्छ भन्ने विषयमा ख्याल नगरिएको पक्षलाई सुधार गर्न आवश्यक रहेको बताए । नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले अभिव्यक्ति स्वतन्त्रताको रक्षाका सबैको चासोको विषय भएको बताए । उनले भने, 'सरकारी निकाय र महासंघ मिलेर अभिव्यक्ति स्वतन्त्रताको पक्षमा काम गर्नुपर्छ ।'

महासंघ चितवनका अध्यक्ष वसन्त पराजुली र नेपाल बार एसोसियसन चितवनका अध्यक्ष फुलमायाँ रानाभाटले संविधान प्रद्धत्त अभिव्यक्ति स्वतन्त्रताको दुरूपयोग गरिनु नहुने बताए । थारु पत्रकार संघका केन्दीय अध्यक्ष सन्तकुमार चौधरीले भने कुनै राजनीतिक नेताका विषयमा जायज टिप्पणी गर्दासमेत आफूहरू विरुद्ध खनिने गरेको धारणा व्यक्त गरे ।

पत्रकार प्रतिमा सिलवाल र सरिता पौडेलले कतिपय गोपनीयता र संवेदनशील विषयलाई ख्याल नै नगरी सामाजिक सञ्जालमा जे पनि लेख्ने र बोल्ने गरेको पाइएकाले त्यसलाई सच्याउन आवश्यक रहेको बताए । राष्ट्रिय मानवअधिकार आयोगले अभिव्यक्ति स्वतन्त्रताको अवस्थाको बारेमा अध्ययन गर्न विषय विज्ञका रूपमा नियुक्त प्रा.डा. घमराज लुइँटेलले अभिव्यक्ति स्वतन्त्रताबारे उठेको प्रश्नबारे देशव्यापीरूपमा अध्ययन गर्न लागिएको बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हकदावी सम्बन्धी ३५ दिने सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०५/२० मा दर्ता कायम भएको **शालिग्राम विल्डर्स प्रा.लि. (प्रा.लि. नं. ७५७८९/२०६७/०६८)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२३ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं. ९८५१२१७००४**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०७/०४ मा दर्ता कायम भएको **फारवेष्ट एम. आर. आइ. एण्ड रिसर्च सेन्टर प्रा.लि.** (प्रा.लि.नं. **२४५८६०/०७७/०७८**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२७ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना**

यस कार्यालयमा मिति २०६८।१२।१६ मा दर्ता भएको प्रा.लि.नं. ९१९७१ को **मेट्रिक्स सिमेन्ट व्रिक एण्ड टायल प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/१०/०७ मा दर्ता भएको प्रा.लि.नं.५१११४ को **ए-वन एजुकेशन कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०५९/१२/०४ मा दर्ता भएको **मेचिनडेन इन्टरनेशनल प्राइभेट लिमिटेड (प्रा.लि. नं. २३०६८)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

**कम्पनी खारेजीको सूचना**

काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ७ ठेगाना राखी दर्ता भएको द.नं "३०१९३६/०७९/०८०/मिति २०७९/०७/२४ को" ओशोधारा नेपाल नामको मुनाफा वितरण नगर्ने कम्पनीको मिति २०८३/०६/२५ मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भए बमोजिम यस कम्पनीसँग कोही कसैको लिनु दिनु पर्ने भएमा सप्रमाण यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र उल्लेखित ठेगानामा सम्पर्क राख्नुहोला अन्यथा कानुन बमोजिम कम्पनी खारेज भई जाने व्यहोरा सबैको जानकारी को लागि सूचित गरिन्छ ।

**सूचना प्रकाशित गर्ने लिक्विडेटर :** अधिवक्ता बलभद्र खनाल
दामाशाही व्यवसायी इजाजत नं ७०७ बुढानिलकण्ठ न.पा. वडा नं १०, कपन, काठमाडौं । मो.नं. ९८४१४६८२३४



**दावी विरोध सम्बन्धी**

**वैदेशिक रोजगार विभाग काठमाडौंको १५ (पन्ध्र) दिने सूचना**

**प्रकाशित मितिः२०८३/०६/२८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **OMEGA INTERNATIONAL PVT. LTD.** (ई.प.नं. १३५२/०७४/०७५) ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालयहरू बन्द गरि धरौटी रकम फिर्ता गरि पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०६/२७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरि धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय रहेको ठेगाना | शाखा प्रमुखको नाम |
|---|---|---|
| १. | कोशी प्रदेश झापा जिल्ला विर्तामोड नं.पा. वडा नं. ०४ | झापा जिल्ला शिवसताक्षी नगरपालिका वडा नं. ०९ बस्ने मनोज कुँवर |



**मोटरसाइकल हरायो**

मिति २०८३/०६/२५ गते साँझ अन्दाजी ११ बजे महालक्ष्मी-४, कमलपोखरी, ललितपुरस्थित सडक किनारमा पार्किङ गरि राखेको २०० सिसि पल्सर रातो/कालो मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीः सम्भु पहडी**
**ठेगानाः गोदावरी-४ बडिखेल, ललितपुर**
**बाइक नं. :बा.प्र.०२-०६२ प ७१०३**
**च्यासिस नं.:** MD2A13EX8SCE86225
**इन्जिन नं.:** DKXCSD33991
**सम्पर्क नं.: ९८५११३९०३७**



# हार्दिक श्रद्धाञ्जली







**स्वर्गारोहण मिति :**
वि.सं. २०८३/०६/२६ गते

**स्व. शिवकुमारी कार्की**

यस प्रभाव पब्लिकेसन प्रा.लि. का प्रबन्ध निर्देशक कृष्ण कार्कीकी कान्छीआमा दुधौली नगरपालिका-७ निवासी नैनबहादुर कार्कीकी कान्छी धर्मपत्नी **शिवकुमारी कार्की**को यही असोज २६ गतेका दिन ८२ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको यस दुखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**
**सिफल, काठमाडौं**

# दसैं मनाउन काठमाडौं उपत्यकाबाट बाहिरिनेको चाप

## घटस्थापनादेखि मंगलबारसम्म एक लाख नौ हजारभन्दा बढीले छाडे उपत्यका

■ प्रभाव संवाददाता

**काठमाडौं–** हिन्दूहरूको महान् पर्व बडादसैं मनाउन काठमाडौं उपत्यकाबाट आफ्नो घर फर्किने यात्रुको चाप दिनहुँ बढ्दै गएको छ । घटस्थापनादेखि मंगलबारसम्म एक लाख नौ हजार ६३६ जनाले काठमाडौं उपत्यका छाडेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि मंगलबारसम्म १७ हजार १३९ वटा सवारीसाधनमार्फत एक लाख नौ हजार ६३६ जना उपत्यकाबाट बाहिरिएका हुन् ।

दसैं नजिकिँदै जाँदा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायका सिलसिलामा काठमाडौं उपत्यकामा बसोबास गर्दै आएका नागरिकहरू आफ्नो जन्मथलो फर्किन थालेपछि उपत्यकाका प्रमुख नाकामा यात्रुको चहलपहलसहित चाप बढेको हो ।

उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार उपत्यका छाड्ने यात्रुमध्ये ४१ हजार ९४६ जना महिला र ६७ हजार ६९० जना पुरुष रहेका छन् । दसैं मनाउन घर फर्किने क्रमसँगै लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप बढ्दै गएको उनले बताए ।

दसैं मनाउन उपत्यका छाड्ने यात्रुको संख्या बढेसँगै काठमाडौं उपत्यकाका प्रमुख नाकामा सवारीसाधनको आवागमन बाक्लिएको छ । विभिन्न जिल्लातर्फ जाने यात्रु सार्वजनिक बस तथा अन्य सवारीसाधनमार्फत गन्तव्यतर्फ प्रस्थान गरिरहेका छन् ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नागढुंगा, फर्पिङ, थानकोट, भीमढुंगा, तीनपिप्ले, साँखु, भक्तपुर र भट्टेडाँडालगायतका नाकाबाट यात्रु बाहिरिने क्रम जारी छ । यी नाकामा दसैंका लागि घर फर्किने यात्रुको चाप बढ्दै गएपछि सवारीसाधनको आवागमन व्यवस्थापनमा ट्राफिक प्रहरीले विशेष ध्यान दिएको छ ।



दसैंमा परिवार तथा आफन्तसँग भेटघाट गरी पर्व मनाउन उपत्यकाबाट बाहिरिनेको संख्या अझै बढ्ने अनुमान गरिएको छ । चाडपर्वका बेला सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा गराउने चुनौती पनि थपिएको छ । दसैं, तिहारलगायत चाडपर्वका समयमा यात्रुको सुरक्षा सुनिश्चित गर्न र सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक काफ्लेले बताए । उनका अनुसार यात्रुको आवागमन सहज बनाउने, सवारीसाधनको चाप व्यवस्थापन गर्ने र सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सडकमा निगरानी बढाएको छ ।

'यात्रुको सुरक्षा र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको छ । हाम्रो उद्देश्य सबैको यात्रा सफल र सुरक्षित होस् भन्ने हो,' उनले भने । चाडपर्वका समयमा लामो दूरीको यात्रा गर्ने यात्रुले सवारीसाधनको अवस्था, चालकको स्वास्थ्य तथा सवारी चलाउने समयजस्ता विषयमा विशेष ध्यान दिनुपर्ने तथा यात्रु र सवारी चालक दुवैले सावधानी अपनाउँदा सम्भावित दुर्घटना कम गर्न सकिने उनको भनाइ छ ।

यातायात व्यवस्था विभागका अनुसार हाल नागढुंगा-नौबिसे सडकखण्ड, मुग्लिन-नारायणगढ सडक, कान्ति लोकपथ र बिपी राजमार्गलगायतका प्रमुख सडकमा दुवैतर्फ यातायात सञ्चालन भइरहेको छ ।

दसैं मनाउन उपत्यकाबाट बाहिरिने यात्रुको चाप बढिरहेका बेला मुख्य सडकमा यातायात सञ्चालन भइरहेकाले यात्रुलाई आफ्नो गन्तव्यसम्म पुग्न सहज हुने अपेक्षा गरिएको छ । यद्यपि, मुख्य नाकामा सवारीसाधनको चाप बढ्दा यात्रा समय लम्बिन सक्ने भएकाले यात्रुले यात्राको योजना बनाउँदा पर्याप्त समय छुट्याउनु उपयुक्त हुने नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौलाले बताए ।

उनले भने, 'दसैंका लागि घर फर्किने यात्रुको संख्या बढेसँगै उपत्यकाबाट बाहिरिने सडक तथा सार्वजनिक यातायातमा थप चाप पर्ने देखिएको छ । यस्तो अवस्थामा ट्राफिक नियमको पालना, सुरक्षित गति र यात्रु क्षमताअनुसार सवारीसाधन सञ्चालन भइरहेको छ ।'

दसैं हिन्दू नेपालीहरूको प्रमुख सांस्कृतिक तथा पारिवारिक पर्व भएकाले यस अवसरमा देशका विभिन्न भागमा रहेका नागरिक आफ्नो घर फर्किने गर्छन् । उपत्यकामा अध्ययन, रोजगारी र व्यवसायका लागि बसोबास गर्दै आएका नागरिक गाउँघर फर्किन थालेसँगै राजधानीका सडक, बसपार्क तथा बाहिरी नाकामा चहलपहल बढेको जनाइएको छ ।

# प्रबन्ध निर्देशक कार्कीलाई पारिवारिक शोक

**काठमाडौं (प्रस)–** प्रभाव पब्लिकेसन प्रालिका प्रबन्ध निर्देशक कृष्ण कार्की पारिवारिक शोकमा परेका छन् । उनकी कान्छीआमा शिवकुमारी कार्कीको गत सोमबार ८२ वर्षको उमेरमा निधन भएको हो ।



सिन्धुलीको दुधौली नगरपालिका-७ स्थित निवासमै निधन भएकी शिवकुमारीको मंगलबार हिन्दू परम्पराअनुसार दाहसंस्कार गरिएको प्रबन्ध निर्देशक कार्कीले जानकारी दिए । स्वर्गीय शिवकुमारीको श्रीमान् र एक छोरा छन् ।

यसैबीच, प्रभाव पब्लिकेसन प्रालिकी अध्यक्ष लालसरा राईले स्वर्गीय शिवकुमारीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेकी छन् । उनले मृतात्माको चिरशान्तिको कामना गर्दै शोकाकूल परिवारमा समवेदना प्रकट गरेकी छन् ।

# पत्रकार थामीको परिवारलाई आर्थिक सहयोग

**काठमाडौं–** भोटेकोशी बाढीमा बेपत्ता भएका पत्रकार टेकराज थामीको परिवारलाई आर्थिक सहयोग प्रदान गरिएको छ । नेपाल पत्रकार महासंघ, रासस-प्रतिष्ठान शाखाद्वारा राष्ट्रिय समाचार समिति(रासस) को केन्द्रीय कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा थामीकी श्रीमती कालिका खड्कालाई विभिन्न प्रतिष्ठानमा कार्यरत पत्रकार एवं राससकर्मीबाट संकलित रकम प्रदान गरिएको हो ।

त्यस अवसरमा महासंघकी अध्यक्ष निर्मला शर्मा र रासस प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद सापकोटाले दुई लाख ३० हजार रूपैयाँको चेक राससकर्मी खड्कालाई हस्तान्तरण गरे । कार्यक्रममा अध्यक्ष शर्माले अकल्पनीय विपद्मा परी थामीसहित तीन पत्रकार गुमाउनुपरेको बताइन् । उनले थामी इमान्दार र सक्रिय पत्रकार भएको स्मरण गरिन् । भोटेकोशी बाढीमा परी बेपत्ता भएका पत्रकारका परिवारलाई केन्द्रले तत्काल सहयोगका रूपमा एक-एक लाख रूपैयाँ प्रदान गरेको उनले जानकारी दिइन् ।

राससका महाप्रबन्धक सन्दीप राईले दुःखको घडीमा एकता र सहयोग प्रदर्शन गरिएकामा रासस शाखालाई धन्यवाद दिँदै शोकलाई शक्तिमा बदल्न पीडित परिवारलाई आग्रह गरे । राससका प्रमुख समाचारदाता एकराज पाठकले रासस परिवारका एक सदस्य गुम्नु आफूहरूको पनि परिवारको सदस्य गुम्नु भएको सन्दर्भ उल्लेख गर्दै आफन्त गुमाएर पीरव्यथामा बाँचेकाहरूले आ-आफ्नो जीवन अगाडि बढाउनुपर्ने नियती भएको बताए ।

महासंघको प्रतिष्ठान प्रदेशका उपाध्यक्ष एवं शाखाका पूर्वअध्यक्ष पवित्रा गुरागाईंले विपद्को समयमा आफूहरू एकजुट हुन सक्छौं भन्ने सन्देश राससकर्मीले दिएको बताए । शाखाका अध्यक्ष सापकोटाले दुःखको समयमा सामूहिकता प्रदर्शन गर्न सहयोगको आह्वान गरिएको र छोटो समयमा सबैबाट ऐक्यबद्धता प्राप्त भएको जानकारी दिए । गत भदौ १० गते बाढीमा बेपत्ता भएका नयाँ पत्रिका दैनिकका पत्रकार थामीको यही असोज ३ गते कुशको शव बनाएर अन्त्येष्टि गरिएको थियो । *रासस*


नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग

**गुणस्तर अनुसन्धान तथा विकास केन्द्र**
चाकुपाट, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशति मितिः २०८३/०६/२८

यस कार्यालयको ठेक्का नंः DOR-QRDC/NCB/33701015/083/84-G01, Laboratory Support, Supply and Service for Quality Research and Development Centre, Chakupat Lalitpur का लागि मिति २०८३/०६/०२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरूमध्ये सारभूतरुपमा प्रभावग्राही भई औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको तपसिलको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**तपसिल**

| बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क रु.(मू.अ.कर बाहेक) |
|---|---|
| M/S Jay Ambe Builders, Bhaktapur | ३२,६७,७००.०० |

निर्देशक



**श्री भैरवी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
का.जि.का.म.न.पा वडा नं.७, चुच्चेपाटी, काठमाडौं
फोन नं.०१-४५६५६२७

**गोप्य सिलबन्दीद्वारा धितो लिलाम गर्ने सम्बन्धी ३५ (पैतिस) दिने दिने सार्वजानिक सूचना**

**तेस्रो पटक प्रकाशन मिति : २०८३/०६/२८ गते**

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले आफ्नो व्यापार व्यावसायहरू सञ्चालन गर्न तपसिलमा उल्लेखित चलअचल सम्पत्ति सुरक्षण बापत धितो राखी लिनुभएको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज लगायत संस्थाको अन्य लेना रकम आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएको तथा ऋण कर्जा चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेको र विभिन्न मितिहरूमा सूचना बुझी लिएको भए तापनि हालसम्म पनि उक्त कर्जाको साँवा, व्याज, हर्जना व्याज तथा अन्य दस्तुरहरू समेत चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यस संस्थालाई धितो सुरक्षणको रूपमा लेखी लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा पहिलो पटक मिति २०८२/०९/१० मा प्रभाव दैनिकमा सूचना प्रकाशित भएको र दोस्रो पटक मिति २०८२/११/१२ मा प्रभाव दैनिकमा सूचना प्रकाशित भएको र पुनः **३५ (पैतिस) दिन** भित्रमा गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरू **३६ औं दिन**मा यस संस्थाको कार्यालयमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत सम्बद्ध सबैलाई सूचित गरिन्छ। लिलामी बिक्रीमा सो सुरक्षण धितो कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सम्पत्ति सहकारीले आफैं सकार गरी लिने वा सहकारी आफैंले सकार गर्दा साविकमा सहकारीबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा बिक्री भयो वा उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलामी बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन। साथै उक्त कर्जा असुलीको कारबाही अन्तरगत ऋणी जमानी दिनुहुने सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षण रहेको धितो लिलामी बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिने व्यहोरा ऋणी तथा सरोकारवालाहरू सबैलाई यही सूचनाद्वारा जानकारी गराइन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा उल्लेख गर्दै सूचनाको म्यादभित्र संस्थामा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तान गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना तथा तीनपुस्ते विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | **ऋणीको नाम : चनमती लामा**<br>बाबुको नाम : श्रीमान लामा<br>पतिको नाम : लाक्पा लामा<br>ना.प्र.नं.:२१५६/१३३५८/१८३४/५०४८०<br>जारी मिति: २०४५/१२/०५<br>ठेगाना : काठमाडौं जिल्ला चपली भद्रकाली-३<br>हाल, काठमाडौं जिल्ला बु.न.पा -१ काठमाडौं। | **नाम : लाक्पा लामा**<br>बाबुको नाम : वाङ्गेल लामा<br>बाजेको नाम : संखे लामा<br>ना.प्र.नं.:५२३/४५८३३<br>जारी मिति: २०४०/०४/१०<br>ठेगाना : काठमाडौं जिल्ला चपली भद्रकाली-३<br>हाल, काठमाडौं जिल्ला बु.न.पा -१ काठमाडौं। |
| | **धितोको विवरण : काठमाडौं जिल्ला बु.न.पा.वडा नं.४ ख, कित्ता नं.७३५ र क्षेत्रफल ०-५-०-०**<br>**(हाल काठमाडौं जिल्ला चपली ६, कित्ता नं. १३९ क्षेत्रफल १५८.९८)** | |
| २. | **ऋणीको नाम : दुर्गा बहादुर भण्डारी**<br>बाबुको नाम : छत्र बहादुर भण्डारी<br>बाजेको नाम : मकरध्वज भण्डारी<br>ना.प्र.नं.:२०४२/३५८१२<br>जारी मिति: २०४२/१२/०५<br>ठेगाना : संखुवासभा जिल्ला मामलिङ -१,<br>हाल, का.म.न.-६, काठमाडौं। | **नाम : धन कुमार राई**<br>बाबुको नाम : शिव बहादुर राई<br>बाजेको नाम : विर्तु राज राई<br>ना.प्र.नं.:५७२<br>जारी मिति: २०५२/०२/२३<br>ठेगाना : खोटाङ जिल्ला,बाकाचोल -१<br>हाल टोखा न.पा. काठमाडौं। |
| | **धितोको विवरण : काठमाडौं जिल्ला सुनटोल वडा नं.९ ङ कित्ता नं.७ र क्षेत्रफल ३-१-०-०**<br>**(प्रमाण सङ्केत RL ०००१०६२/राजिनामा २०७६-०५-०८** | |

**शर्तबन्देजहरू:**

१. सिलबन्दी बोल पत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थाको कार्यालय चुच्चेपाटीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोल पत्र फारम यस संस्थाको कार्यालयबाट रु.१०००/- तिरेर प्राप्त गर्न सकिन्छ। उक्त बोल पत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित सिलबन्दी गरी बाहिर समेत प्रस्ट रूपमा लेखिएको हुनु पर्छ।
३. बोल पत्र आफुले लिन चाहेको धितोको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकम को १० प्रतिशतको दरले हुने धरौटिबापतको रकम यस संस्थाको खातामा जम्मा गरेको भौचर अथवा गुड फर पेमेन्ट चेक बनाई बोल पत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ र सो बाहेक अरु कुनै किसीमको धरौटि स्वीकार गरिने छैन साथै त्यस्तो धरौटि रकमको कुनै व्याज दिइने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनको दिन दिउसोको २:३० बजे भित्रदेखि बोलपत्र दाताहरूको रोहबरमा संस्थाले कार्यलयमा संस्थाको बोलपत्र खालिनेछ। वोलपत्र दाता तथा निजको प्रतिनिधिहरूको अनुपस्थितीले मात्र बोल पत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बिदा परेमा सो लगतै पछि संस्था खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि संस्था खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी तथा रित नपुगी आएको तथा शर्त राखिदिएको बोलपत्र उपर कुनै कारबाहि गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सूचनापाएको मितिले ७ दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम संस्थामा जम्मा गर्नू पर्नेछ। अन्यथा धरौटी बापतको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने सम्पूर्ण शुल्क तथा दस्तुर लिलाम सकार गरि लिने ले नै व्याहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र संस्थामा सम्पर्क राखि जानकारी लिन सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम विक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम संस्थाले उक्त सम्पत्तिको स्वमित्व आफूमा सकार गरी लिन सक्नेछ।
११. गोप्य सिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले संस्थाले आफै सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य सिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढी अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित राखिएको छ।
१३. संस्थाले कुनै मुनासिव कारण देखेमा बोलपत्र रद्द गर्न सक्नेछ।
१४. धितो बन्धक लेखी दिएको उक्त सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैले सकार गर्दा को अवस्थामा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०६५/०५/१२ मा दर्ता भएको **प्रा. लि. नं. ५५६८९** को **टि.डि.एस. इन्टरनेशनल कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०६४/१०/०७ मा दर्ता भएको **प्रा. लि. नं. ५११११३** को **मिन्डु इन्टरप्राइजेज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७१/०८/०९ मा दर्ता भएको **माँ गोल्मा देवी बडी मेकर प्राइभेट लिमिटेड(प्रा.लि. नं. १२८८३५)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/११/१४ मा दर्ता भएको **उग्रतारा एण्ड त्रिपुर एग्रो फर्म प्राइभेट लिमिटेड (प्रा.लि. नं.३०७८८४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर**
**ZERO COST EMPLOYMENT TO MALAYSIA**

कम्पनी : हायान प्रिन्ट्स एसडिएन बिएचडि
COMPANY: HAYAN PRINTS SDN BHD — CITY: JALAN TTC 28, TAMAN TEKNOLOGI CHENG

| Pre Approval Date : 2026-07-13 | Re Advertisement Date : 2026-10-13 चलानी नं. ६०२५८१३३ | एल टि न. ३४४९०४ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२९ Invoice No. 60258133 | LT. No. 344904 |

| सि.नं | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलबः RM | मासिक तलबः ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Production Workers | 7 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६३,४२४ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौं। यो शुन्य लागत अन्तर्गत रोजगारी हो। त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन। सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | ७००/– रोजगारदाता (Employer) 700/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कातिक ९ गते (26th Oct. 2026) मा हुनेछ।**
**' Candidates with working experience in a Press in Malaysia will be given high prioprity '**
**मलेसिया स्थित प्रेशमा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
  यो शुन्य लागत अर्न्तगत रोजगारी हो। यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोंने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोंनुपर्ने छैन।
- Chadani doesn't have any branch offices or representatives.
  चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन्। कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
  चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
  सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन। सबैलाई समान अवसर प्रदान गरिने छ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
  कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9851074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८५१०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला। यसरी दिएको जानकारी गोप्य रहनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### व्यावसायिक जवाफदेहिताको प्रश्न

नेपाल दूरसञ्चार प्राधिकरणले स्वीकृत मापदण्ड र दरविपरीत इन्टरनेट सेवा सञ्चालन गर्ने १४ वटा प्रमुख सेवा प्रदायकहरूलाई जरिवानासहित कारबाही गरेको समाचारले सूचना प्रविधि र उपभोक्ता अधिकारको क्षेत्रमा गम्भीर तरंग पैदा गरेको छ । दूरसञ्चार ऐन, २०५३ को दफा ४७(१) बमोजिम प्रत्येक प्रदायकलाई ५० हजार रूपैयाँका दरले जरिवाना गरिनु र गैरकानुनी प्याकेजहरू तत्काल बन्द गर्न निर्देशन दिनु नियामक निकायको एउटा सराहनीय कदम हो । तर, दूरसञ्चारजस्तो संवेदनशील र अत्यावश्यकीय सेवामा मनपरी गर्नेहरूका लागि यो कारबाही पर्याप्त छ कि छैन भन्ने विषयमा गहन मन्थन हुन आवश्यक छ ।

आजको आधुनिक युगमा इन्टरनेट कुनै विलासिताको वस्तु नरहेर नागरिकको दैनिक जीवन, शिक्षा, व्यवसाय र सञ्चारको अभिन्न अंग बनिसकेको छ । यस्तो संवेदनशील सेवामा उपभोक्तालाई गुणस्तरीय र पारदर्शी सेवा दिनु सेवा प्रदायकहरूको पहिलो कर्तव्य हो । तर, दूरसञ्चार प्राधिकरणको निरीक्षण एवं जाँचबुझ प्रतिवेदनले देखाएअनुसार नेपालका ठूला र प्रतिष्ठित मानिएका इन्टरनेट सेवा प्रदायकहरू नै स्वीकृत दरभन्दा बढी शुल्क लिने, स्वीकृत प्याकेजभन्दा फरक र अपारदर्शी प्याकेज बनाएर बेच्ने, र सेवाग्राहीलाई समयमा सही सूचना नदिनेजस्ता काममा संलग्न पाइनु अत्यन्तै दुखद कुरा हो ।

इन्टरनेट सेवा प्रदायकहरूले शुल्क निर्धारणसम्बन्धी निर्देशिकाबमोजिम जुनसुकै नयाँ प्याकेज वा महसुल दर लागू गर्नुभन्दा कम्तीमा तीन महिनाअघि नै नियामक निकायसँग स्वीकृति लिनुपर्ने स्पष्ट कानुनी व्यवस्था छ । तर, कम्पनीहरूले प्रतिस्पर्धाका नाममा वा बढी मुनाफा कमाउने होडमा कानुनी प्रावधानहरूको धज्जी उडाउँदै अनधिकृतरूपमा महसुल दर फेर्ने वा फरक प्याकेजहरू सार्वजनिक गर्ने गरेको पाइयो । उपभोक्तालाई घोषित गति र गुणस्तरको सेवा नदिई तोकिएको भन्दा बढी शुल्क असुल्नु सीधा–सीधा ठगी र उपभोक्ता अधिकारमाथिको गम्भीर अतिक्रमण हो ।

यस सन्दर्भमा प्राधिकरणले चालेको कदम स्वागतयोग्य भएता पनि प्रतिकम्पनी ५० हजार रूपैयाँको जरिवाना रकम यी ठूला व्यावसायिक घरानाहरूका लागि अत्यन्तै नगण्य र प्रतीकात्मकमात्र देखिन्छ । करोडौंको कारोबार गर्ने कम्पनीहरूका लागि यति सानो जरिवानाले भविष्यमा यस्ता गलत गतिविधि दोहोरिन नदिने सुनिश्चितता गर्दैन । त्यसैले नियामक निकायले केवल सामान्य जरिवाना गरेर आफ्नो दायित्व पूरा भएको ठान्नु हुँदैन ।

नियमविपरीत सञ्चालित प्याकेजका कारण कुनै ग्राहकलाई हानिनोक्सानी भएको भए ग्राहकको मागका आधारमा क्षतिपूर्ति भराउने निर्देशन दिनु सकारात्मक छ । तर, यसलाई प्रभावकारीरूपमा कार्यान्वयन गराउन प्राधिकरणले चुस्त संयन्त्र निर्माण गर्नुपर्छ । उपभोक्ताहरूलाई पनि आफ्नो अधिकारप्रति सचेत गराउँदै ठगी वा गैरकानुनी सेवा सञ्चालन भएको पाएमा उजुरी गर्न प्रोत्साहन गरिनुपर्छ ।

अन्त्यमा, स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धन, उपभोक्ताको हकहित संरक्षण र इन्टरनेट सेवालाई अनुशासित एवं व्यवस्थित बनाउन नियामक निकाय दूरसञ्चार प्राधिकरण थप कठोर र निरन्तर अनुगमनमा केन्द्रित हुनुपर्छ । सेवा प्रदायकहरूले पनि नाफालाई मात्र सर्वोपरि नठानी प्रचलित ऐन, नियम र अनुमतिका सर्तहरूको पूर्णपालना गर्दै उपभोक्ताप्रति जवाफदेही बन्नु नै उनीहरूको व्यावसायिक भविष्यका लागि हितकर हुने छ ।

# विपद् आइपर्दा पूर्वतयारीको कार्यान्वयन



■ विनिता पौडेल

> नेपालभरि जलवायु तथा विपद्जन्य जोखिमहरु बढ्दै जाँदा, हालैका बाढी प्रतिकार्यका अनुभवबाट सिकिएका पाठहरु पहिलेभन्दा अझ बढी सान्दर्भिक भएका छन् । नवीन र प्रकाशजस्ता विपद् प्रतिकार्यमा खटिनेहरुका लागि, पूर्वतयारी भनेको विपद् आइपर्दा काम गर्न तयार रहनुमात्र होइन; यसको अर्थ अत्यन्त कठिन क्षणको सामना गरिरहेका मानिसहरुले आफूलाई सबैभन्दा बढी आवश्यकता पर्दा समयमै सहयोग, सम्मान र आशा प्राप्त गर्ने सुनिश्चित गर्नु पनि हो ।

रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गतेको बिहान आकस्मिक बाढी गयो । अकल्पनीय विनाशकारी बाढीमा व्यक्तिगत घरहरू बगे अनि क्षतिसमेत भए । जलविद्युत् आयोजना, सडक, विद्यालय, स्वास्थ्य संस्थाजस्ता पूर्वाधारहरूमा क्षति भयो । बाढीको शक्तिशाली भेलले बगाएका आफ्ना प्रियजनका खोजीमा परिवारजन, आफन्तजन भौतारिनुपर्ने, तड्पिनुपर्ने र चिन्तित हुनुपर्ने अवस्था आयो ।

नेपाल रेडक्रस सोसाइटीद्वारा परिचालित प्रारम्भिक प्रतिकार्यकर्ताहरूमध्ये राष्ट्रिय प्रतिकार्य टोली 'एनआरटी'का सदस्यद्वय नवीनराज तिवारी र प्रकाश कार्की पनि थिए । उनीहरू दुवैका लागि यस विपद्ले प्रभावकारी आपत्कालीन प्रतिकार्यका लागि साहस र प्रतिबद्धतामात्र पर्याप्त नहुने, बरु पूर्वतयारी, समन्वय र समुदायलाई सबैभन्दा बढी सहयोगको आवश्यकता परेका समयमा छिटो र प्रभावकारीरूपमा परिचालित हुन सक्ने क्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुने कुरालाई पुनः स्मरण गरायो । उनीहरू दुवैले एनआरटी तालिममा आफ्नो लामो समयदेखिको कार्यगत अनुभव र व्यावहारिक ज्ञान प्रस्तुत गरेका थिए । सन् २००१ मा नेपाल रेडक्रस सोसाइटीमा आबद्ध भई हाल चितवन जिल्ला शाखामा कार्यरत नवीनका लागि आपत्कालीन अवस्थामा कार्य गर्नु नौलो होइन । अर्कातिर, जुनियर रेडक्रसबाट आफ्नो रेडक्रसको मानवीय स्वयंसेवा यात्रा सुरुआत गरेका प्रकाश सन् २००९ देखि नेपाल रेडक्रसको कर्मचारीका रूपमा कार्यरत छन् । उनले विकास कार्यक्रमका साथै आपत्कालीन प्रतिकार्यका कार्यहरूमा सहयोग पुऱ्याउँदै आएका छन् । तै पनि, दुवै तालिमप्राप्त उद्धारकर्मीका अनुसार सन् २०२६ को जुनमा नेपाल रेडक्रसद्वारा आयोजित 'एनआरटी' तालिमले केही फरक अनुभव प्रदान गऱ्यो । अर्थात्, आपत्कालीन प्रतिकार्यका लागि अझ व्यवस्थित र समन्वयात्मक दृष्टिकोण प्रदान गऱ्यो । नवीन स्मरण गर्छन्, 'मसँग पहिले नै व्यावहारिक स्थलगत अनुभव थियो । एनआरटी तालिमले मलाई अझ व्यवस्थित तरिका अपनाएर उक्त अनुभवलाई थप सुदृढ र व्यवस्थित बनाउन सहयोग पुऱ्यायो ।'

उनका लागि सबैभन्दा महत्त्वपूर्ण सिकाइहरूमध्ये क्षति तथा आपत्कालीन आवश्यकताको लेखाजोखा कसरी गर्ने र राहत वितरणको योजना अझ प्रभावकारीरूपमा कसरी बनाउने भन्ने सिकाइ थियो । 'विपद्का समयमा मानिसहरूका विभिन्न आवश्यकताहरू हुन्छन् र ती सबैलाई तत्काल पूरा गर्न प्रायः सम्भव हुँदैन,' उनी भन्छन्, 'यस तालिमले मलाई प्रभावित परिवारहरूका सबैभन्दा अत्यावश्यक आवश्यकताहरू पहिचान गर्न तथा अझ लक्षित र प्रभावकारी ढंगले सहयोगको योजना बनाउन सहयोग गऱ्यो ।'

ती ज्ञान र सीपहरूको परीक्षण लगभग तुरुन्तै भयो । रसुवा, नुवाकोट र धादिङसहित आसपासका जिल्लाहरूमा आएको भीषण बाढीपछि, प्रभावित समुदायहरूसम्म पुग्न उद्धार तथा राहतकर्मीहरूले ठूलो चुनौतीको सामना गर्नुपऱ्यो । बाढीले आवतजावतका मुख्य मार्गहरूमा आवतजावत गर्न अवरोध एवं क्षति भएका कारण ती जिल्लाहरूमा यातायात सम्पर्क विच्छेद भएको थियो । राहत सामग्रीको ओसारपसारमा अवरोध सिर्जना भएको थियो । विद्युत् र सञ्चार सेवाहरू पनि नराम्ररी प्रभावित भएका थिए । जसका कारण धेरै परिवारहरू आफ्ना प्रियजनहरूसँग सम्पर्क गर्न वा सूचना प्राप्त गर्न असमर्थ भए । साथै, त्यही समयमा, विपद्का कारण बेपत्ता भएका आफ्ना आफन्तहरू एवं प्रियजनका खोजीमा मानिसहरू व्याकुल भएर भौतारिरहेका थिए ।

प्रतिकार्यका क्रममा प्रकाशले द्रूत लेखाजोखाहरूमा सहयोग गरे । बाढीप्रभावितको खोज, उद्धार तथा राहत वितरण व्यवस्थापनमा समन्वय गरे । स्वयंसेवक परिचालनमा सहयोग एवं समन्वय पुऱ्याए र नगद सहयोग प्रदान गर्न सकिन्छ कि भनेर यकिन गर्न बजारको द्रुत मूल्यांकनसमेत गरे । 'यसअघि पनि मैले विभिन्न विपद्को प्रतिकार्यमा सम्लग्न थिएँ । सामना गरेको थिएँ, तर भोटेकोशी बाढीको अवस्था भने अत्यन्तै फरक थियो,' प्रकाश भन्छन्, 'त्यहाँको विनाश र सर्वस्व गुमाएका धेरै बालबालिकालाई देख्दा म निःशब्द भएँ ।'

ती कठिन परिस्थितिहरूमा, एनआरटी तालिमबाट प्राप्त मूल्यांकनसम्बन्धी सीपहरूले अति आवश्यक दिशा प्रदान गर्न सहयोग गरे । उनी भन्छन्, 'विपद्ले पुऱ्याएको ठूलो क्षति देखेर आत्तिनुको सट्टा, आवश्यकताको मूल्यांकन गर्ने विधिले मानिसहरूलाई तत्काल के-कस्ता सहयोग चाहिएको छ भन्ने बुझ्न र सबैभन्दा जोखिममा रहेका परिवारलाई पहिले प्राथमिकता दिन मलाई सहज बनायो । चितवन जिल्लामा नदीको तल्लो तटीय क्षेत्रमा, नवीन प्रतिकार्यको अर्को एक महत्त्वपूर्ण पक्षमा सहयोग गरिरहेका थिए ।'

उनले केन्द्रीय कार्यालय, स्थानीय निकाय, सुरक्षा निकाय, जिल्ला शाखाहरू र स्वयंसेवकहरूसँग नजिक रहेर काम गरे । उनी भन्छन्, 'समन्वयात्मक निर्णय प्रक्रियामा सहयोग पुऱ्याएँ । सही सूचना संकलन, विश्लेषण र आदानप्रदान सुनिश्चित गर्न मद्दत गरेँ ।' प्रकाशलाई तालिम अत्यन्तै उपयोगी साबित भयो । 'किनभने परिस्थिति तीव्र गतिमा परिवर्तन भइरहेको थियो र प्रभावकारी समन्वय सही जानकारी तथा स्पष्ट सञ्चारमा निर्भर थियो,' उनी भन्छन्, 'तैपनि, आपत्कालीन प्रतिकार्यका प्राविधिक पक्षहरूका बीचमा पनि, त्यस संकटसँग जोडिएका व्यक्तिगत कथाहरूलाई बेवास्ता गर्न असम्भव थियो ।'

नवीनका सबैभन्दा चुनौतीपूर्ण जिम्मेवारीहरूमध्ये एउटा नदी किनारमा फेला परेका मानव अवशेषहरूको व्यवस्थापन गर्ने कार्य थियो । 'बाढीले माथिल्लो भागका जिल्लाहरूबाट शवहरू बगाएर ल्याएको थियो र धेरैजसो शवहरू केही दिनपछि फेला परेका थिए,' उनी भन्छन्, 'केही गम्भीररूपमा कुहिएका थिए, जसले गर्दा पहिचान गर्न अत्यन्तै चुनौतीपूर्ण बनेको थियो । एउटा सम्झना विशेषरूपमा जीवन्त छ । जब मैले शव राखिने केन्द्रको भ्रमण गरेको थिएँ, मलाई सधैं याद रहने एउटा क्षण सम्झनामा रहन गयो ।'

बाढीपछि फेला परेका सामानहरूमध्ये एउटा बच्चाको विद्यालयको टाई पनि थियो । उनी भन्छन्, 'त्यो टाई एउटा महत्त्वपूर्ण सूचना बन्यो, जसले बच्चाको पहिचान गर्न र शोकाकुल परिवारलाई जवाफ दिन मद्दत गऱ्यो । विद्यालयको एउटा सामान्य टाई कसरी परिवार र उनीहरूका प्रियजनबीचको एकमात्र सम्पर्क सूत्र बन्यो भन्ने कुरा निकै मर्माहत बनाउने खालको थियो ।'

प्रकाशलाई उद्धार तथा राहत कार्यका क्रममा भेटेका मानिसहरू पनि याद छन् । 'धेरै परिवारले आफ्ना कम उमेरका सदस्यहरू गुमाएका थिए,' उनी भन्छन्, 'उनीहरू सबैमाझ एउटा साझा कुरा के थियो भने, उनीहरू आफ्ना प्रियजनहरूको सम्झनामा थिए । भौतिक सम्पत्ति महत्त्वपूर्ण थिएन ।' यस चुनौतीपूर्ण समयमा, धेरै मानिसहरूले आफ्नै व्यक्तिगत क्षति बेहोर्नुपरेको भएता पनि प्रभावित समुदायहरूलाई सहयोग गर्न अग्रसरता देखाए । दुवै उद्धारकर्ताका लागि, यी अनुभवहरूले मानवीय कार्यसम्बन्धी एउटा साझा पाठलाई अझ बलियो बनाए । स्वयंसेवक तथा समुदायका सदस्यहरूसँग मिलेर काम गर्ने क्रममा उनीहरूले असीम पीडाका साथै उल्लेखनीय सहनशीलता र ऐक्यबद्धता पनि देखे । स्वयंसेवक नवीन भन्छन्, 'हरेक तथ्यांकको पछाडि एक व्यक्ति, एउटा परिवार र सधैँका लागि बदलिएको जीवन हुन्छ ।'

नेपालभरि जलवायु तथा विपद्जन्य जोखिमहरू बढ्दै जाँदा, हालैका बाढी प्रतिकार्यका अनुभवबाट सिकिएका पाठहरू पहिलेभन्दा अझ बढी सान्दर्भिक भएका छन् । नवीन र प्रकाशजस्ता विपद् प्रतिकार्यमा खटिनेहरूका लागि, पूर्वतयारी भनेको विपद् आइपर्दा काम गर्न तयार रहनुमात्र होइन; यसको अर्थ अत्यन्त कठिन क्षणको सामना गरिरहेका मानिसहरूले आफूलाई सबैभन्दा बढी आवश्यकता पर्दा समयमै सहयोग, सम्मान र आशा प्राप्त गर्ने सुनिश्चित गर्नु पनि हो ।

पूर्वतयारीले सायदै कहिल्यै मुख्य समाचारमा स्थान पाउँछ, तर यसको प्रभाव मानिसहरूसम्म छिटो पुग्ने हरेक प्रतिकार्यमा, सबैभन्दा बढी आवश्यकता परेको बेला सहयोग पाउने हरेक परिवारमा र आगामी संकटको सामना गर्न अझ राम्ररी तयार भएको हरेक समुदायमा महसुस गरिन्छ । *रासस*

*(लेखक पौडेल रेडक्रस तथा रेडक्रिसियन सोसाइटीको महासंघ-आइएफआरसी नेसनल सोसाइटीककी प्रिपियरनेस संयोजक हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

## पाठक मञ्च

### पुनः सडक आन्दोलनको औचित्यमाथि प्रश्न

नेकपा एमालेले विघटित प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दालाई लिएर सडक संघर्षमा जाने तयारी थालेको समाचारले मेरो ध्यान तानेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले 'देशमा लोकतन्त्र मासिएको र राष्ट्रिय स्वाधीनता कमजोर बनेको' दाबी गर्दै यसको पुनः प्राप्तिका लागि सडक आन्दोलन नै एकमात्र विकल्प भएको बताउनु हास्यास्पद छ ।

गत वर्षको भदौमा पोखिएको 'जेन-जी' विद्रोह, त्यसपछिको विघटन, सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार र फागुन २१ गते सम्पन्न आवधिक निर्वाचनबाट नयाँ जनादेश प्राप्त भई सरकार गठन भइसकेको वर्तमान राजनीतिक परिप्रेक्ष्यमा एमालेले उठाउन खोजेको यो सडक आन्दोलन कत्तिको औचित्यपूर्ण छ ? यो गम्भीर बहसको विषय बनेको छ ।

सबैभन्दा पहिले, आन्दोलन र मुद्दाको वैधानिक एवं नैतिक जगमाथि नै ठूलो प्रश्न उठ्छ । विगतमा संसद् विघटन हुँदा र त्यसका विरुद्ध आन्दोलन चर्कंदा मुलुकमा कुनै ताजा जनादेशको विकल्प दिइएको थिएन वा अदालतको फैसला पर्खिने धैर्यता देखाइएको थियो । तर, अहिले फागुन २१ गतेको आमनिर्वाचनमार्फत जनताले आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गरी स्पष्ट जनादेश दिइसकेका छन् । निर्वाचन भनेको लोकतन्त्रमा जनताको सर्वोच्च अभिमत प्रकट हुने माध्यम हो । जब नेपाली जनताले निर्वाचनमा सहभागी भएर नयाँ प्रतिनिधिसभा र सरकार (राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा) चुनिसकेका छन्, तब विघटित पुरानै संसद् ब्युँताउने माग गर्नु जनताको भोट र जनादेशको सीधै अपमान गर्नु हो । निर्वाचन भइसकेपछि पनि 'विघटित संसद् पुनर्स्थापना गर' भन्नु लोकतन्त्रको आधारभूत सिद्धान्त र जनादेशको मर्मविपरीत देखिन्छ ।

दोस्रो, एमाले स्वयंले राजनीतिक प्रतिवेदनमा उल्लेख गरेअनुसार संसद् विघटनविरुद्धको मुद्दा अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन छ । यदि एमाले र नेपाली कांग्रेसजस्ता जिम्मेवार राजनीतिक दलहरू अझै पनि विधि, विधान र संविधानवादमा विश्वास गर्छन् भने अदालतको अन्तिम निर्णय नआउँदै सडक तताउनु कत्तिको व्यावहारिक र संवैधानिक हुन्छ ? अदालतमा मुद्दा विचाराधीन छँदै सडकमा बल प्रदर्शन गरेर अदालतलाई दबाबमा पार्ने वा आफ्ना माग पूरा गराउन खोज्ने परिपाटीले राज्यका अंगहरूप्रतिको जनविश्वास गिराउँछ । कानुनको शासन मान्ने दलले न्यायपालिकाको अन्तिम फैसला पर्खिनु नै परिपक्व राजनीतिको परिचय हो, न कि सडकबाट निर्णय खोस्न खोज्नु ।

तेस्रो, मुलुकको आर्थिक र सामाजिक अवस्थालाई हेर्दा राजनीतिक दलहरू फेरि पनि सडक संघर्षमा होमिने बेला यो होइन । भदौको विद्रोह, चुनावी खर्च र लगातारको राजनीतिक अस्थिरताले गर्दा देशको अर्थतन्त्र जर्जर अवस्थामा छ । युवाहरू बेरोजगारी, महँगी र निराशाका कारण देश छाड्न बाध्य छन् । भोटेकोशी, बूढीगण्डकीलगायतका नदीमा आएको विनाशकारी बाढी तथा अन्य प्राकृतिक विपद्ले ठूलो जनधनको क्षति पुऱ्याएको पीडादायी अवस्थामा मुलुक छ ।

यस्तो संवेदनशील अवस्थामा देशलाई फेरि आमहडताल, सडक आन्दोलन र धर्नामा धकेल्दा मुलुकले थप कति आर्थिक क्षति व्यहोर्ने ? अध्यक्ष ओलीले आन्दोलन 'असंगठित जनतामाथि हुने दमनको प्रतिवाद' भएको बताए पनि विगतका अनुभवले के देखाउँछ भने सडक आन्दोलनले सधैं सर्वसाधारणको दैनिकी, साना व्यवसायी र श्रमजीवी वर्गलाई नै प्रताडित गर्दछ । आर्थिक पुनरुत्थानको समयमा सडकलाई युद्धमैदान बनाउने सोच पूर्णतः औचित्यहीन छ ।

चौथो, एमालेले दाबी गरेजस्तै 'चौतर्फी घेराबन्दी र षड्यन्त्र' लाई चिर्ने उत्तम थलो सडक होइन, बरु जनसम्बन्धको सुदृढीकरण र नयाँ संसद्भित्रको सशक्त प्रतिपक्षी भूमिका हो । लोकतन्त्रमा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्दै सरकारका गलत नीतिको विरोध गर्ने, संसद्मा जनताका आवाज मुखरित गर्ने र आगामी निर्वाचनको तयारी गर्ने वैधानिक बाटो छँदाछँदै असंवैधानिक बाटोबाट ब्युँताउन खोजिने संसद्ले मुलुकलाई कुन दिशामा लैजान्छ ? जनताले हिजोका दिनमा राजनीतिक दलहरूका सत्ताकेन्द्रित खेल, बारम्बारका आन्दोलन र सरकार ढाल्ने-बनाउने फोहोरी खेलबाट आजित भएर नै परिवर्तनको पक्षमा मत दिएका हुन् । यो यथार्थलाई स्वीकार्नुको साटो पुरानै सत्ता समीकरण वा पुरानै संसद्को पुनर्स्थापनामा अल्झिनु राजनीतिक अपरिपक्वताबाहेक केही हुन सक्दैन ।

अन्ततः, नेपालमा लोकतन्त्रको पुनः प्राप्तिका नाममा पटक-पटक हुने सडक आन्दोलनले जनतामा थप निराशा र वितृष्णामात्र जन्माएको छ । यदि एमाले र कांग्रेसजस्ता पुराना दलहरू साँच्चिकै संविधान र लोकतन्त्रको रक्षा गर्न चाहन्छन् भने उनीहरूले नयाँ जनादेशलाई स्वीकार गर्दै नयाँ संसद्भित्र रचनात्मक र जिम्मेवार भूमिका खेल्नुपर्छ । अदालतको विचाराधीन विषयलाई सडकमा ल्याएर र ताजा जनादेश आइसकेको अवस्थामा पुरानै संसद् ब्युँताउने असम्भव र असान्दर्भिक मुद्दा बोकेर देशलाई फेरि द्वन्द्वमा धकेल्ने प्रयासको औचित्य कुनै पनि दृष्टिकोणबाट पुष्टि हुन सक्दैन । पार्टीगत स्वार्थ र सत्ता राजनीतिभन्दा माथि उठेर मुलुकको स्थिरता र समृद्धिका लागि ध्यान केन्द्रित गर्नु नै आजको मुख्य आवश्यकता हो ।

**- संगीता श्रेष्ठ (राई)**
टोखा, काठमाडौं



**कुकुरमार्फत सवारी जाँच** | चाडपर्वलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालय तनहुँले पृथ्वीराजमार्गका विभिन्न खण्डमा कुकुरमार्फत सवारीसाधन जाँच गरिँदै । प्रहरीले जिल्लाका मुख्य स्थानमा तालिम प्राप्त कुकुरबाट सवारीसाधनको जाँच तीव्र बनाएको छ । *तस्बिरः रासस*

# बाढीप्रभावित विद्यार्थीलाई पाठ्यपुस्तक

**रसुवा–** भोटेकोशी बाढीबाट पाठ्यपुस्तक गुमाएका उत्तरगया गाउँपालिकाका विद्यार्थीलाई पठनपाठनमा सहजता ल्याउने उद्देश्यले एसिया नेपालले पाठ्यपुस्तक उपलब्ध गराएको छ ।

बाढीका कारण नीलकण्ठ माध्यमिक विद्यालय, डाँडागाउँ माध्यमिक विद्यालय, शिवालय आधारभूत विद्यालयलगायत अन्य विद्यालयमा अध्ययनरत धेरै विद्यार्थीका पाठ्यपुस्तक बगाएको र शैक्षिक गतिविधि प्रभावित भएको थियो । त्यसपछि उत्तरगया गाउँपालिकाको अनुरोधअनुसार एसिया नेपालले आवश्यक पाठ्यपुस्तक खरिद गरी सहयोग गरेको हो ।

उत्तरगया गाउँपालिकासँगको समन्वयमा प्रभावित विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिएको एसिया नेपालका प्रतिनिधि प्रवेश खनालले जानकारी दिए । उनका अनुसार विपद्पछि विद्यार्थीको शिक्षामा कुनै अवरोध नआओस् भन्ने उद्देश्यले गाउँपालिकाको आवश्यकताअनुसार तत्काल पाठ्यपुस्तक उपलब्ध गराइएको हो ।

यस सहयोगबाट नीलकण्ठ माध्यमिक विद्यालय, डाँडागाउँ माध्यमिक विद्यालय, शिवालय आधारभूत विद्यालय तथा अन्य विद्यालयका विभिन्न कक्षामा अध्ययनरत बाढी प्रभावित विद्यार्थी प्रत्यक्षरूपमा लाभान्वित भएका छन् । उत्तरगया गाउँपालिकाका शिक्षा शाखा प्रमुख बोधराज पाठकले समयमै पाठ्यपुस्तक उपलब्ध गराइएकाले विद्यार्थीको नियमित पठनपाठनलाई निरन्तरता दिन ठूलो सहयोग पुगेको बताए । उनले विपद्पछि शैक्षिक वातावरणलाई सामान्य अवस्थामा फर्काउन एसिया नेपालको सहयोग महत्त्वपूर्ण रहेको उल्लेख गरे ।

एसिया नेपालले बाढीप्रभावित समुदायको राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा स्थानीय सरकारसँग सहकार्य गर्दै शिक्षा, आवास, जीविकोपार्जन तथा अन्य अत्यावश्यक क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको छ । संस्थाले विपद्पछिको पुनःस्थापनामा समुदायको आवश्यकताअनुसार सहयोगलाई आगामी दिनमा निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । *रासस*

# पूर्वसूचना प्रणालीलाई थप व्यवस्थित र वैज्ञानिक बनाउन आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सभाको भोटेकोशी तथा कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सभापति कृष्णप्रसाद पौडेलले नदी किनारका जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण नगरी विपद् जोखिम न्यूनीकरण सम्भव नहुने भन्दै त्यसका लागि सरकारले नीतिगत तथा दबाबमूलक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

समितिको मंगलबारको बैठकमा उनले नदी किनारका बस्ती अत्यधिक जोखिममा रहेको तथ्य ढिलोचाँडो स्वीकार गर्नुपर्ने भन्दै जनचेतनामूलक कार्यक्रमबाट मात्रै जोखिमयुक्त बस्ती स्थानान्तरण सम्भव नभए सरकारको नीति तथा कार्यक्रममा नै त्यसलाई समेटेर आवश्यक कदम चाल्नुपर्ने बताए । उनले जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीलाई थप व्यवस्थित र वैज्ञानिक बनाउनुपर्ने बताए । विकसित मुलुकहरूले अपनाएका पूर्वसूचना प्रणाली तथा विधि पद्धतिको अध्ययन गरी नेपालमा समेत उपयुक्त प्रणाली अवलम्बन गर्नुपर्ने उनको भनाइ थियो ।

सभापति पौडेलले समितिले तयार पार्ने अध्ययन प्रतिवेदन तत्कालीन विपद् व्यवस्थापनमा मात्र सीमित नभई भविष्यका लागि मार्गदर्शक बन्ने गरी व्यापक र विश्लेषणात्मक हुनुपर्ने बताए । समितिका सदस्यहरूले बैठकमा दिएका सुझावलाई समेत समेटेर समितिको कार्यक्षेत्रलाई थप परिमार्जन गरी पारित गरिएको जानकारी दिए ।

राष्ट्रिय सभामा गठन गरिएको विशेष समितिको मंगलबारको उक्त बैठक विस्तृत कार्यक्षेत्रमा केन्द्रित रहेको थियो । कार्यक्षेत्रमा विपद्को कारण, जोखिम तथा क्षतिको वैज्ञानिक मूल्यांकन, विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पूर्वसूचना, खोज, उद्धार, उपचार तथा मानवीय प्रतिकार्य, राहत, क्षतिपूर्ति तथा प्रभावितको सामाजिक संरक्षण, पुनःस्थापना, पुनर्वास तथा सुरक्षित बस्ती विकासलाई समेटिएको छ ।

त्यस्तै विपद् प्रतिरोधी पूर्वाधार पुनर्निर्माण तथा विकास, अन्तरसरकारी, सीमापार तथा अन्तरराष्ट्रिय सहकार्य, जलवायु न्याय, कानुनी तथा नीतिगत सुधार र दीर्घकालीन मार्गचित्र निर्माणसमेत समितिको कार्यक्षेत्र तोकिएको छ । समितिले विपद् व्यवस्थापनलाई तत्कालीन उद्धार तथा राहतमा मात्र सीमित नगरी पूर्वतयारीदेखि पुनर्निर्माण र सुरक्षित बस्ती विकाससम्मका विषयलाई एकीकृतरूपमा अध्ययन गर्ने जनाएको छ ।

२०८३ भदौ १० गतेको भोटेकोशी बाढी तथा त्यसपछिका वर्षाजन्य विपद्बाट भोटेकोशी, त्रिशूली र कालीगण्डकी करिडोरमा भएको जनधन, पूर्वाधार, जीविकोपार्जन तथा वातावरणीय क्षतिलाई सम्बोधन गर्न तत्कालीन राहतसँगै पुनस्थापना, पुनर्वास, सुरक्षित पुनर्निर्माण तथा दीर्घकालीन जोखिम न्यूनीकरणका लागि राष्ट्रिय सभामा विशेष समिति गठन गरिएको हो ।

# विराटनगरमा अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन



**विराटनगर–** कोशी प्रदेश सरकारको आयोजनामा मंगलबार यहाँ अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन सुरु भएको छ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, बागमती प्रदेशका मुख्यमन्त्री किरणथापा मगर, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, लम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले मंगलबार यहाँ दुईदिने सम्मेलनको सामूहिकरूपमा उद्घाटन गरे ।

सम्मेलनले संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउँदै प्रदेशहरूबीच आपसी सहकार्य, समन्वय र साझेदारी सुदृढ गर्ने, संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित संघीयताको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

यसैगरी, प्रदेशहरूले गरेका अभ्यास र कार्यान्वयनका क्रममा प्राप्त गरेका अनुभव, सफल अभ्यास तथा साझा चुनौतीबारे छलफल गर्ने, संविधानप्रदत्त प्रदेशका अधिकारको प्रभावकारी प्रयोग, संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारीको स्पष्टता, आवश्यक कानुनी तथा नीतिगत सुधार, वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन र प्रदेशको स्रोत परिचालनलगायतका विषयमा छलफल हुने आयोजकले जनाएको छ ।

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौलाले प्रदेशहरूबीच साझा हितका विकास आयोजना र तथा कार्यक्रमको पहिचान र कार्यान्वयन, अन्तरप्रदेशीय पूर्वाधार विकास, व्यापार तथा लगानी सहजीकरण, प्राकृतिक स्रोतको न्यायोचित उपयोग र लाभ बाँडफाँट, विपद् व्यवस्थापनमा सहकार्य तथा सुशासन र सार्वजनिक सेवा प्रवाहमा नवीन अभ्यासहरूको आदानप्रदान, प्रदेश सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउँदै नागरिकले अनुभूत गर्नेगरी गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्नु, विकासका उपलब्धिलाई जनतासम्म पुऱ्याउनु र प्रदेशहरूको आन्तरिक आय अभिवृद्धिका सम्भावनालाई उपयोग गर्नु सम्मेलनका महत्त्वपूर्ण उद्देश्य रहेको जानकारी दिए ।

कोशी प्रदेशका मुख्यमन्त्री कार्कीले राष्ट्रको आमूल परिवर्तन र विकासका लागि राष्ट्रिय पुँजीको विकास हुनुपर्ने बताए । उनले कृषि र पर्यटन क्षेत्रको व्यापक विकास गरी राष्ट्रिय पुँजी निर्माण गर्न सकिने र यसबाट रोजगारी सिर्जना भई मुलुकको आर्थिक विकास हुने कुरामा जोड दिए ।

मुख्यमन्त्री कार्कीले जलवायु परिवर्तनले गर्दा मुलुकले बर्सेनि विपद्का घटनाको सामना गर्नु परिरहेको भन्दै निजी क्षेत्रको साथ र सहयोगविना आर्थिक क्षेत्रको विकासमा टेवा नपुग्ने बताए । उनले यस सम्मेलनले भावी दिशानिर्देश गर्न टेवा पुग्ने भन्दै प्रदेशहरूका बीचको अन्तरसम्बन्ध बलियो हुनुपर्नेमा जोड दिए । कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीले संघीयतालाई समन्वयात्मक ढंगले सुदृढीकरण गर्न प्रदेशहरूबीच समन्वय गर्नुपर्ने आवश्यक रहेको बताए । उनले प्रदेशहरूबीचको अनुभव र अवसरहरूको आदानप्रदानबाट संघीयता बलियो हुने धारणा राखे । उनले कर्णाली प्रदेशमा विकास, पूर्वाधार र सेवाका क्षेत्रमा धेरै अघि बढेको जानकारी दिए । *रासस*


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/२१ (प्रा.लि.नं २३९६८७) मा दर्ता भएको **उपहार बक्स प्रा. लि.** को मिति २०८३/०४/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोहि कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशन गरिएको मितिले ३५ दिन भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार (इजाजत पत्र नं. ३९१), बिजुलीबजार, काठमाडौं, मो.नं. ९८४१४४९३३८**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी स्वेच्छिक दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६९/१२/२६ मा दर्ता भएको यस **अल मदिना पोलिक्लिनिक प्राइभेट लिमिटेड** (प्रा.लि.नं.१११३७६) कम्पनी यस कार्यालयको मिति २०८३/०६/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम **स्वेच्छिक दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७४/०४/११ मा दर्ता भएको **श्री एपोलो इन्फोर्मेशन एण्ड ओ.पि.डि. सेन्टर (प्रा.लि. नं. १७१७४९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## श्री शान्ती सामुदायिक वन उपभोक्ता समूह

**भीमदत्त नगरपालिका - १०, तिलकेनी**

## कञ्चनपुर खयर काठको बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/२८ गते**

आ.ब. २०८२/०८३ मा संकलन भै यस समूहको घाटगद्दीमा रहेको खयर काठ गोलिया ३१७३ थानको ६५५६.४७ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी संकलन खर्च बाहेक न्यूनतम मुल्य सरकारी दररेटमा बढाबढबाट गोप्य सिलबन्दि टेण्डरद्धारा बिक्रि बितरण गरिने हुँदा नियमानुसार रीत पुगेका ईच्छुक उद्योग, व्यवसायी कम्पनीहरूलाई बोलपत्र खरिदका लागि आह्वान गरिएको छ । थप जानकारिका लागि यस समूहको कार्यालयबाट जानकारी लिनु होला ।

**जनक राज जोशि (अध्यक्ष) सम्पर्क मो.नं. ९८६५७७९९८**

## गोलिया काठको बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/२८ गते**

श्री भारदेउ सिमेन्ट एण्ड स्टोन ईण्डष्ट्रिज प्रा.लि. ललितपुरले उत्खनन अनुमति प्राप्त गरेको कोन्ज्योसाम गा.पा. वडा नं. ०५ साविक भारदेउ गा.वि.स. वडा नं. ०२ को रातोककारो क्षेत्रको राष्ट्रिय वनमा रहेका रुखहरू कटान मुछान गरी उत्पादन भएको गोब्रेसल्ला र खोटेसल्ला प्रजातिको ६१२१.५७ क्यु.फि. गोलिया काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले **२१ दिन** भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा **२२ औं दिन** दिउसो १:०० बजेभित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८३/०६/२८**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८३/०५/२२ गतेको सूचना अनुसार Road Maintenance work at Katunje Khola Gaun-oda office 9-Chaukibhanjyang. सम्बन्धी बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्रदाता सारभूत रुपमा प्रभावग्राही भई औषत कबोल अंकको सबैभन्दा नजिक रहेकोले स्वीकृतको लागी छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**छनोट भएको बोलपत्रदाताको विवरणः–**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (पि.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Works/14/083/84 | Road Maintenance work at Katunje Khola Gaun-oda office 9-Chaukibhanjyang | Ragini Construction Pvt. Ltd. Aurahi Ga. Pa, oda no.-1,Dhanusha | 92,38,168.058 |

**प्रमुख प्रशासकीय अधिकृत**

## टीकापुर साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था

**टीकापुर, कैलाली**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति - २०८३/०६/२८ गते**

यस टीकापुर साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको आर्थिक वर्ष २०८३/८४ को लागि तपसिल बमोजिमका पाइप बिस्तार, धारा जडान तथा मर्मत सामाग्रीहरू बोलपत्र आव्हान प्रक्रियाद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त अनुभवी तथा योग्य फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (**एकाइस**) **दिन**भित्र फर्म नवीकरण भएको दर्ता प्रमाणपत्र, ईजाजत पत्र, भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस संस्थाको कुमारी बैंक लिमिटेड टीकापुर शाखाको **खाता नं.18000860056000001** मा जम्मा गरी ईच्छुक फर्महरूले कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएका बोलपत्र सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ औं दिन** दिउँसो १२:०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरू सोही दिन दिउसो २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि को रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रदाताले बोलपत्र प्रक्रियामा भाग लिन बोलपत्रका साथमा बैक जमानत वा जमानत बापतको रकम यस संस्थाको कुमारी बैक लिमिटेड टीकापुर शाखाको **खाता नं.18000860056000001** मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।
४. यस द्यइत्त मा उल्लेखित दरभाउ आ.ब.२०८३/०८४ भर एउटै कायम हुनेछ । द्यइत्त मा उल्लेखित स्पेसिफिकेशन बमोजिमको सामग्री आपुर्ति नभएको खण्डमा सामान स्वत : फिर्ता पठाइने छ ।
५. कार्यादेश जारी भएको १५ दिनभित्र संस्थाको कार्यालयमा सामान डेलिभरी दिइसक्नुपर्ने छ । अन्यथा संस्थाले आफ्नै तवरले अन्यत्र सामग्री खरिद प्रकृया अगाडी बढाउन सक्नेछ ।
६. छनौट भएको कम्पनीले कुनै कारणवश सामग्री उपलब्ध गराउन असमर्थ भएमा संस्थाले माग गरेकोबखत तुरुन्तै कारण उल्लेख गरी संस्थालाई लिखित पत्राचार गर्नुपर्ने छ । सो को पत्र उपलब्ध गराउन नचाहेमा वा आनाकानी गरेमा संस्थाले स्वः निर्णय गरी अन्यत्र खरिद प्रकृया अगाडी बढाउन सक्नेछ ।
७. बोलपत्रमा उल्लेख भएका कुराहरू सोही अनुसार र उल्लेख नभएका कुराहरू प्रचलित ऐन अनुसार हुनेछ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. बोलपत्र सम्बन्धी अन्य जानकारीको लागी संस्थाको कार्यालयको **फोन नम्बर ०९१–५६१४४९** वा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट सहित) | बोलपत्र जमानत (३%) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८३/८४ | पाइप विस्तार, धारा जडान तथा मर्मत सामाग्री खरिद | ६६,५२,५२४।७० | १,९९,५७५। | ३,०००। | |

# प्रभाव दैनिक

बुधबार, २८ असोज २०८३ (Wednesday, 14 October 2026)


रूपशाला

**'कबड्डी ५' कात्तिक ६ देखि हलमा**

रामबाबु गुरूङको लेखन तथा निर्देशनमा बनेको बहुप्रतीक्षित नेपाली चलचित्र 'कबड्डी ५' (आफ्टर द फाइनल म्याच) को आधिकारिक ट्रेलर सार्वजनिक गरिएको छ । बाँसुरी फिल्म्सको ब्यानरमा निर्माण भएको उक्त चलचित्रको असोज २७ गते मंगलबार ट्रेलर सार्वजनिक गरिएको हो । चलचित्र 'कबड्डी ५' आगामी कार्तिक ६ गतेदेखि देशभरका सिनेमाघरमा एकसाथ प्रदर्शनमा आउने तय भएको छ । चलचित्रमा दयाहाङ राई, विजय बराल, बुद्धि तामाङ, विपिन कार्की, मिरूना मगर, सिर्जना गुरूङ, रिश्मा गुरूङ, विष्णु मोक्तान, प्रमिला राई, सुरज यादव, रमेश बज्राचार्य, हरि मिजार, पञ्चसुब्बा गुरूङ, घनु जोशी, सुमित्रा पहिम, अनुप न्यौपाने, मधु मिजार, हेमन्त बुढाथोकी, विक्रम श्रेष्ठ, सरोज अर्याल र शेखर चापागाईंलगायतका कलाकारहरूको अभिनय रहेको छ ।



# '१२ गाउँ २'मा एक्सन र बदलाको कथा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र क्षेत्रमा एक्सनप्रधान चलचित्रमार्फत आफ्नो छुट्टै पहिचान बनाएका अभिनेता विराज भट्टको निर्देशनमा निर्माण भएको चलचित्र '१२ गाउँ २'को ट्रेलर सार्वजनिक भएको छ ।

मंगलबार सार्वजनिक गरिएको ट्रेलरमा मुख्य आकर्षणका रूपमा विराज भट्ट र समीर भट्टलाई प्रस्तुत गरिएको छ । चलचित्रको सार्वजनिक ट्रेलरले कथावस्तुका सबै पक्ष खुलाएको छैन, तर ट्रेलरमा द्वन्द्व, शक्तिशाली संवाद, अपहरण, उद्धार र बदलाको झलक देख्न सकिन्छ ।

ट्रेलरमा प्रस्तुत गरिएका दृश्यले '१२ गाउँ २' एक्सन, पारिवारिक सम्बन्ध, संघर्ष र प्रतिशोधको मिश्रणमा निर्माण भएको संकेत गर्छ । विशेषगरी विराज र समीरलाई आमनेसामने प्रस्तुत गरिएको दृश्यले चलचित्रको कथामा उनीहरूबीच कस्तो सम्बन्ध र द्वन्द्व रहनेछ भन्ने जिज्ञासा बढाएको छ । एक्सनप्रधान दृश्य, आक्रामक हाउभाउ र द्वन्द्वात्मक प्रस्तुतिले चलचित्रको मुख्य आकर्षण दुई पात्रबीचको संघर्ष हुन सक्ने संकेत गर्छ ।

चलचित्रमा अभिनेता अनुपविक्रम शाही खलपात्रका रूपमा प्रस्तुत भएका छन् । नेपाली चलचित्रमा नकारात्मक भूमिकामार्फत प्रभाव छाड्न सफल शाहीको उपस्थितिले नायकहरूको संघर्षलाई थप रोचक बनाउने अपेक्षा गर्न सकिन्छ । उनको भूमिका सीमित रूपमा देखाइएकाले पात्रको वास्तविक उद्देश्य, शक्ति र कथामा रहने प्रभावबारे धेरै कुरा खुल्न बाँकी छ । यद्यपि, विराज र समीरको टकरावसँगै खलपात्रको उपस्थिति चलचित्रको द्वन्द्वलाई कसरी अगाडि बढाउने आधार बन्नेछ भन्ने चासो दर्शकमाझ हुने देखिन्छ ।

चलचित्रको कथासार निर्माण पक्षले पूर्ण रूपमा सार्वजनिक गरिसकेको छैन । त्यसैले ट्रेलरमा देखिएका दृश्यकै आधारमा सम्पूर्ण कथावस्तु यही हो भनेर निष्कर्ष निकाल्न सकिँदैन । एक्सनप्रधान चलचित्रमा द्वन्द्वको कारण, पात्रहरूको व्यक्तिगत सम्बन्ध र उनीहरूले सामना गर्ने चुनौती महत्त्वपूर्ण हुन्छन् । '१२ गाउँ २'ले पनि यिनै पक्षलाई कत्तिको प्रभावकारी रूपमा प्रस्तुत गर्छ भन्ने कुरा चलचित्र प्रदर्शनपछि स्पष्ट हुनेछ ।

'१२ गाउँ २'लाई केवल मारधाड र द्वन्द्वमा सीमित चलचित्रका रूपमा मात्र हेर्नु उचित हुँदैन । चलचित्रका सार्वजनिक गीतहरूले यसको कथामा प्रेम र सम्बन्धको पक्ष पनि रहने संकेत गरेका छन् । समीर भट्ट र कृशु शाहीलाई 'जुनेली' गीतमा प्रेमिल जोडीका रूपमा प्रस्तुत गरिएको थियो। त्यस्तै, 'लालीगुराँस' र 'रेशमी रुमाल'जस्ता गीतले चलचित्रका अन्य पात्र तथा सम्बन्धका पक्षलाई पनि अगाडि ल्याएका छन् ।

यसले एक्सनलाई प्रमुख प्रचार आकर्षण बनाइएको चलचित्रमा रोमान्स र भावनात्मक सम्बन्धलाई समेत स्थान दिइएको बुझ्न सकिन्छ । द्वन्द्व र प्रेमकथाबीच सन्तुलन कायम गर्न सके चलचित्रले फरक रुचिका दर्शकलाई आकर्षित गर्न सक्छ । चलचित्रमा विराज भट्ट, समीर भट्ट र अनुपविक्रम शाहीसँगै प्रकाश शाह, सुनील पोखरेल, कालु राना, खुसी कार्की, पुष्कर भट्टलगायत कलाकारको अभिनय रहेको छ । कृशु शाही (काफिया) र वर्षा इटनी पनि चलचित्रमा देखिनेछन् ।

'१२ गाउँ २'को निर्देशन विराज भट्टले गरेका हुन् भने कथा तथा पटकथा सन्तोष सरकारको रहेको छ। चलचित्रको छायाङ्कन महेश पौडेलले गरेका छन् । सम्पादन बन्दे प्रसादको रहेको चलचित्रमा युग भुसाल र डीपी खनालको संगीत छ । त्यस्तै, रामजी लामिछाने र सियोन श्रेष्ठले नृत्य निर्देशन गरेका छन् भने स्टन्ट सिल्भा र शंकर महर्जनले द्वन्द्व निर्देशन छ ।

'१२ गाउँ २' दशैंको अवसर पारेर असोज ३० गतेदेखि देशव्यापी प्रदर्शनमा आउने तयारीमा छ । दशैंको बिदामा दर्शकलाई हलसम्म आकर्षित गर्न एक्सन, मनोरञ्जन, गीतसंगीत र स्टार कलाकारको उपस्थितिलाई निर्माण पक्षले प्रमुख आधार बनाएको देखिन्छ । तर, प्रचार सामग्रीले सिर्जना गरेको उत्सुकता वास्तविक दर्शक प्रतिक्रियामा कत्तिको रूपान्तरण हुन्छ भन्ने कुरा चलचित्रको पूर्ण प्रस्तुतिमा निर्भर रहनेछ ।

'१२ गाउँ २'को टिजरले चलचित्रप्रति उत्सुकता जगाउने काम गरेको छ । विराज भट्ट र समीर भट्टको टकराव, अनुपविक्रम शाहीको खलपात्र, एक्सनका दृश्य तथा प्रेमकथाका झलकले चलचित्रलाई बहुआयामिक बनाउने सम्भावना देखाएका छन् । यो चलचित्रलाई काठमाडौं उपत्यकामा गोविन्द शाहीको काफिया फिल्म्स र मोफसलमा कुवेर डिष्ट्रिब्यूसनले वितरण गर्नेछ ।

# साढे तीन दशकपछि कीर्तिपुर फर्कियो नेपथ्य



**काठमाडौं (प्रस)–** कीर्तिपुरस्थित ल्याब स्कुलको मैदानमा सम्पन्न नेपथ्य कन्सर्टमा आठ हजारभन्दा बढी दर्शकको सहभागितामा सङ्गीतप्रेमीहरू रमाएका छन् । कन्सर्टका लागि सम्पूर्ण टिकट पहिल्यै बिक्री भइसकेकाले टिकट किन्न नपाएर धेरै तन्नेरीहरू निराश हुँदै फर्कनुपरेको थियो ।

कीर्तिपुर नेपथ्य ब्यान्डको सुरुआती यात्रासँग जोडिएको ठाउँ हो । साढे तीन दशकअघि त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी विभागका विद्यार्थीको निमन्त्रणामा अडिटोरियम हलमा दुईवटा गितारको सहयोगमा अकोस्टिक कन्सर्ट गरेको ब्यान्ड शनिबार परिपक्व रूपमा सोही स्थानमा प्रस्तुत भएको हो ।

प्रस्तुतिका क्रममा मुख्य गायक अमृत गुरुङले विश्वविद्यालय पढ्दाको समय सम्झँदै भाषा र संस्कृति बचाउन आग्रह गरे । कर्णालीको 'कर्णालीका छाइला' गीत प्रस्तुत गर्नुअघि नेपाली भाषाको उद्गम थलो सिँजा उपत्यकाको चर्चा गर्दै उनले भने, 'भाषा रहे भाका रहन्छ, यो नेपाली भाषालाई सबै मिलेर बचाऔँ है...' ।

कन्सर्टमा सबै उमेर समूहका दर्शकको उपस्थिति रहेको थियो । त्रिभुवन विश्वविद्यालयका पूर्वप्राध्यापक प्रेम खनालले नेपथ्यको सङ्गीतले संसारलाई जोड्ने काम गरिरहेको बताए । यस्तै दर्शकहरू प्रविन रानाभाट र रेश्मा शाक्यले सामाजिक सञ्जालमा तस्बिर तथा भिडियो शेयर गर्दै कन्सर्टबाट अद्भुत ऊर्जा र आनन्द मिलेको उल्लेख गरेका छन् ।

मुलुकले भोगिरहेको प्राकृतिक विपत्तिको प्रसङ्ग निकाल्दै गायक अमृतले प्रभावित समुदायलाई आ-आफ्नो क्षमताअनुसार सहयोग गर्न आह्वान गरे । मञ्चमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, किबोर्डमा दिनेशराज रेग्मी र मादलमा सुन्दर महर्जनले साथ दिएका थिए । कार्यक्रमको अन्त्यमा राष्ट्रिय ध्वजाको महिमा गाउँदै 'रातो र चन्द्रसुर्जे' गीतबाट प्रस्तुति समापन गरिएको थियो ।

नेपथ्य टोलीले दसैँलगत्तै अक्टोबर ३१ (कात्तिक १४) मा भारतको सिक्किमस्थित पाल्जोर स्टेडियममा कन्सर्ट गर्नेछ । त्यसपछि कात्तिक १८ मा इटहरी र कात्तिक २१ मा झापाको चारआलीमा कार्यक्रम हुनेछ । तिहारपछि देशका चार साना तथा मझौला सहरमा प्रस्तुति दिएपछि ब्यान्डले अस्ट्रेलियाको भ्रमण गर्ने तय भएको छ, जहाँ डिसेम्बर ७ मा एडिलेडबाट सुरु भई डिसेम्बर २७ मा पर्थमा अन्तिम कन्सर्ट हुनेछ । यी कन्सर्टहरूका लागि नेपालयको आधिकारिक वेबसाइटमार्फत अनलाइन टिकट खरिद गर्न सकिने व्यवस्था मिलाइएको छ ।

## रंगशाला

**आइसिसी विश्व लिग क्रिकेट-२ तयारी**

# ओमानविरूद्ध नेपालको शानदार जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी एकदिवसीय क्रिकेट विश्वकप लिग २ अन्तर्गतको अन्तिम त्रिकोणात्मक श्रृंखलामा नेपालले ओमानविरुद्ध ११३ रनको फराकिलो जित हासिल गरेको छ । मंगलबार अल अमिरत क्रिकेट मैदानमा नेपालले दिएको २६४ रनको चुनौतीपूर्ण लक्ष्य घरेलु टोलीले पछ्याउन सकेन । ४० ओभरमा सबै विकेट गुमाएको ओमानले मात्र १५० रन बनाउन सक्यो ।

ओमानलाई सस्तैमा समेट्न नन्दन यादव र कप्तान सन्दीप लामिछानेले समान तीन विकेट लिए । त्यस्तै दीपेन्द्रसिंह ऐरिले दुई विकेट लिँदा करण केसी र ललित राजवंशीले समान एक खेलाडीलाई पवेलियनको बाटो देखाए ।

ओमानका लागि कप्तान विनायक शुक्लाले सर्वाधिक ७७ रनको पारी खेले । त्यस्तै आठौं नम्बरका जय ओडेड्राले २५ तथा ओपनर जतिन्दर सिंहले १८ रन जोडे । यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । त्यसअघि तल्लो क्रमका ब्याटर करण केसीले डेथ ओभरमा आक्रमक ब्याटिङ गरेपछि टस जितेर ब्याटिङमा उत्रिएको नेपालले २६४ रनको योगफल खडा गरेको थियो ।

आठौं नम्बरमा आएका करणले १६ बलमा एक चौका र चार छक्कासहित ४० रन जोडे । ४६औं ओभरको तेस्रो बलमा सन्दीप जोरा १० रन बनाउँदै पवेलियन फर्किएपछि करण क्रिजमा आएका थिए । इनिङ्सको अन्तिम बलमा विनायक शुक्लबाट रनआउट हुनुअघि करणले नन्दन यादवसँग मिलेर ४७ रनको साझेदारी गरे ।

करणअघि रोहित पौडेलको ब्याटबाट पनि रनको वर्षाले निरन्तरता पाएको थियो । नेपालले स्कोरबोर्डमा ८३ रन हुँदा तीन विकेट गुमाएको थियो । पारी उकास्ने जिम्मेवारीबीच रोहितले ६७ बलमा तीन चौका र एक छक्कासहित कूल ६१ रन बनाए । उनी ४३औं ओभरको तेस्रो बलमा शकिल अहमदको शिकार बने ।

रोहितको विकेटसँगै चुनौतीपूर्ण लक्ष्यतर्फ अग्रसर नेपाललाई धक्का लाग्ने अनुमान थियो । तर, करणले त्यसलाई गलत प्रमाणित गरिदिए ।

नेपालका लागि करण र रोहितबाहेक ओपनर अर्जुन कुमालले ४० रन बनाए । त्यस्तै तेस्रो नम्बरका इशान पाण्डे र पाँचौं नम्बरका वसिर अहमदले समान ३७ रन जोडे । यसैगरी दीपेन्द्र सिंह ऐरिले २२ रनको योगदान गरे ।

ओमानका लागि शकिल अहमद, फैजल शाह र करण सोनाभालेले समान दुई विकेट लिए । त्यस्तै हस्नैन शाहले पनि एक जना खेलाडीलाई पवेलियनको बाटो देखाए ।

वसिरसँग चौथो विकेटका लागि ८६ रनको साझेदारी गरेका रोहितको यो लगातार अर्धशतक हो । यसअघि आइतबार क्यानडाविरुद्ध, पहिलो खेलमा रोहितले १०१ रनको शतकीय पारी खेलेका थिए । एकदिवसीय अन्तर्राष्ट्रियमा रोहितको यो १३औं अर्धशतक हो । उनको नाममा तीन शतक छन् । नेपालले क्यानडाविरुद्ध २४ रनको जित हासिल गरेको थियो ।

अंकतालिकाको शीर्ष ६ भित्र रहेर चार वर्षका लागि एकदिवसीय मान्यता जोगाउने लक्ष्य बोकेर ओमान आइपुगेको नेपाली टोली अब त्यसका लागि मात्र एक जित टाढा छ । मंगलबारको जितसँगै छैटौं स्थानमा रहेको नेपालले ३४ खेलमा २८ अंक जोडेको छ । दुई अंक अझ बटुले सातौं र आठौं स्थानको क्यानडा र युएईले नेपाललाई भेट्टाउने छैनन् । यद्यपि क्यानडा र युएईले क्वालिफायर प्लेअफमार्फत एकदिवसीय मान्यता जोगाउन सक्ने मौका अझै छ ।

सोझै ग्लोबल क्वालिफायर पुग्ने नेपालको चुनौती समाप्त भइसकेको छ । अब नेपालले आफ्नो तेस्रो खेलमा शनिबार क्यानडासँग खेल्नेछ । खेल नेपाली समयअनुसार बिहान ११:१५ बजे हुनेछ ।


**साउदीमा रोजगार** कम्पनी : DELTA FORCE SECURITY SERVICES & CONSULTANCY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०५/२७ LT. No. 349268 चलानी नं. ६०२६२३३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 100 | 0 | 1700 | ६३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक ४ गते (21st Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**बि.एस. ओभरसिज प्रा.लि.**
पो.ब.नं.: १५१४२, सामाखुसी-३, काठमाडौं, नेपाल.
Email: info@bsoverseasnepal.com, bsoverseasneapl1@gmail.com.np
Website:www.bsoverseasnepal.com.np
Contact No:01-4963358,4987402,4964410
स्थापनाकालकाके सबैभन्दा छोटो समययमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

**मलेसियामा रोजगार** कम्पनी : HAYAN PRINTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२९ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२७ LT. No. 344904 चलानी नं. ६०२५८१३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Production Workers | 1 | 0 | 1700 | ६३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक ०४ गते (21st Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

**कतारमा रोजगार** कम्पनी : UNIQUE MULTIPURPOSE ENTERPRISE WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२७ LT. No. 336774 चलानी नं. ६०२५०३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter | 2 | 0 | 1200 | ५०,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Pipe Fitter | 1 | 0 | 1200 | ५०,२७६ | | | | | | | |
| 3. | Office Cleaner | 3 | 3 | 1000 | ४१,८९७ | | | | | | | |
| 4. | Plumber General | 1 | 0 | 1200 | ५०,२७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक ०४ गते (21st Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

**ओमनमा रोजगार** कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२७ LT. No. 343494 चलानी नं. ६०२५६६८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Building Smith | 20 | 0 | 120 | ४७,८८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Buildings Joiner | 100 | 0 | 120 | ४७,८८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: - धनुषा, जनकपुर, PR ट्रेनिङ सेन्टर/बेबी एन्जल इन्टरनेशनल प्रा.लि.मा मिति: २०८३ कार्तिक ७ गते (24th Oct 2026) मा हुनेछ ।
- सिराहा, सिराहा नगरपालिका,सलहेस ट्रेनिङ सेन्टर सिरहा प्रा. लि./माँ धामिनी ट्रेनिङ सेन्टरमा मिति: २०८३ कार्तिक ११ गते (28th Oct 2026) मा हुनेछ ।
- बाँके, नेपालगञ्ज, Gajraj ट्रेनिङ सेन्टरमा मिति: २०८३ कार्तिक ९ गते (26th Oct 2026) मा हुनेछ ।
- काठमाडौं, ग्लोबल ट्रेनिङ इन्स्टिच्यूटमा मिति: २०८३ कार्तिक १० गते (27th Oct 2026) मा हुनेछ ।
-धनुषा, जनकपुर, धनुषा ट्रेनिङ सेन्टर/बेबी एन्जल इन्टरनेशनल प्रा.लि.मा मिति: २०८३ कार्तिक ८ गते (25th Oct 2026) मा हुनेछ ।
. संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक १२ गते (29th Oct 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Index Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np



म्यानमारको शान राज्यस्थित इनले तालमा मंगलबार डुंगा खियाउँदै स्थानीयवासी । *तस्बिरः एपी*

# रुसबाट युरोपमा ३२० अर्ब डलरको ऊर्जा आयात

**मस्को–** युक्रेनमाथि रुसको आक्रमणपछि प्रतिबन्ध लगाए पनि युरोपेली संघ (इयू) का सदस्य राष्ट्रहरूले सन् २०२२ देखि हालसम्म रुसबाट ३२० अर्ब ७० करोड डलर मूल्यको ऊर्जा आयात गरेका छन् ।

रुसी उपप्रधानमन्त्री अलेक्जाण्डर नोभाकले सोमबार उक्त अवधिमा युरोपेली संघ (इयू) का देशहरूमा सो मूल्यको ऊर्जा आपूर्ति गरिएको बताए । उनका अनुसार सन् २०२६ को पहिलो नौ महिनामामात्रै २१ अर्ब ३० करोड डलरको रुसी हाइड्रोकार्बन खरिद भएको छ । उनले प्रतिबन्धका बाबजुद केही क्षेत्रमा प्राप्त छुटका आधारमा ऊर्जा आपूर्ति जारी रहेको र यस वर्षको अन्त्यसम्ममा रुसी तेल निर्यात युद्धपूर्वको स्तरमा पुग्न सक्ने बताए ।




स्विडेनकी विदेशमन्त्री मारिया माल्मर स्टेनरगार्डले भने रुसबाट ऊर्जा आयातमा भएको खर्च युक्रेनलाई उपलब्ध गराइएको सहयोगभन्दा बढी रहेको बताइन् । युक्रेनमा युद्ध सुरु भएदेखि युरोपेली संघ (इयू) ले २१८ अर्ब ७० करोड युरो अर्थात् २४४ अर्ब डलर सहयोग दिएको उनले उल्लेख गरिन् । रोक्का गरिएका रुसी सम्पत्ति प्रयोग गर्न सके युक्रेनलाई दिइएको सहयोग झण्डै दोब्बर बनाउन सकिने उनको भनाइ थियो ।

इयूले रुसमाथि विभिन्न प्रतिबन्ध लगाए पनि फ्रान्सलगायतका देशले तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) आयात गरिरहेका छन् । स्लोभाकिया र हंगेरीले पाइपलाइनबाट आउने रुसी तेल खरिदमा छुट पाएका छन् । भारत र टर्कीजस्ता देशमा प्रशोधन गरी युरोप पुऱ्याइने रुसी उत्पादन भने प्रत्यक्ष आयातको आँकडामा समावेश छैन । यी देश र चीनले सन् २०२२ देखि रुसी कच्चा तेलको खरिद बढाएका छन् ।

यसैबीच, रुसी डिजेल आयात गर्न अमेरिकालाई अनुमति दिने सम्झौताको युरोपेली देशहरूले आलोचना गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार इयूले रुसलाई ऊर्जा खरिदबापत २५० अर्ब डलर तिरेको दाबी गर्दै आफ्नो निर्णयको बचाउ गरे । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले पनि रुसी डिजेल खरिदसम्बन्धी अमेरिकी सम्झौताको आलोचना गर्ने युरोपेली देशहरूले नै रुसबाट ऊर्जा आयात जारी राखेको भन्दै उनीहरूको व्यवहारलाई पाखण्डको संज्ञा दिएका थिए । *रासस⁄एएफपी*

# प्रहरी धरपकडपछि भारतीय युवाको रणनीति फेरियो

**नयाँदिल्ली–** भारतको राजधानी नयाँदिल्लीमा चुनावी प्रदर्शनका क्रममा प्रहरीले धरपकड बढाएपछि युवा प्रदर्शनकारीहरूले निगरानीबाट बच्दै आन्दोलन जारी राख्न नयाँ रणनीति अपनाएका छन् । उनीहरूले मुखुण्डो लगाउने, प्रहरीका सवारीसाधनको गतिविधि पत्ता लगाउने र पक्राउ परेकालाई सहयोग गर्न डिजिटल सञ्जाल परिचालन गर्ने गरेका छन् ।



जन्तर मन्तरस्थित मुख्य प्रदर्शनस्थलमा अवरोध गर्न १०औं हजार सुरक्षाकर्मी परिचालन गरिएपछि प्रदर्शनकारीहरू अन्य स्थानमा भेला हुन थालेका छन् । सप्ताहन्तमा हजारौंलाई पक्राउ गरिए पनि उनीहरूले प्रदर्शन जारी राखेका छन् । पक्राउ परेकामध्ये धेरैलाई पछि रिहा गरिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ दललाई फाइदा पुग्नेगरी मतदाता सूचीमा हेरफेर गरिएको आरोप लगाउँदै प्रदर्शनकारीहरूले निर्वाचन आयोगका प्रमुखको राजीनामा मागेका छन् । आयोगले भने उक्त आरोप अस्वीकार गरेको छ ।

३६ वर्षीय सामग्री निर्माता मेघनाद एसले पक्राउ परेकालाई सहयोग गर्न करिब १७० स्वयंसेवकको सञ्जाल बताएका छन् । उनीहरूको समूहले प्रहरीका सवारीसाधनको गतिविधि निगरानी गरी पक्राउ परेकाहरूलाई कहाँ लगिएको छ भन्ने जानकारी संकलन गर्छ । त्यसपछि ह्वाट्सएप समूह र डिजिटल माध्यमबाट स्वयंसेवक चालक परिचालन गरी खाना, पानी, इन्धन तथा आवश्यक परे चिकित्सकीय सहायता उपलब्ध गराइन्छ ।

विद्यार्थी नेतृ नेहा बोहराजस्तै देखिने एक महिलालाई प्रहरीले पक्राउ गरेपछि उनी चर्चामा आएकी छन् । २९ वर्षीया बोहरा भने प्रहरीको घेराबाट उम्केर मध्य दिल्ली पुग्न सफल भएकी थिइन् । पछि उनले आफ्नोजस्तै देखिने महिलासँगको तस्बिर सार्वजनिक गर्दै उक्त समानता संयोगमात्र भएको, रणनीति नभएको भन्दै व्यंग्य गरेकी थिइन् ।

केही प्रदर्शनकारी प्रहरीको नियन्त्रणमा परेपछि बसको चालक बस्ने ठाउँ वा पछाडिको झ्यालबाट उम्कने प्रयास गरेका थिए । पहिचान लुकाउन कतिपयले ब्याटम्यानका मुखुण्डोसमेत लगाएका छन् । बलिउड अभिनेत्री रिचा चढ्ढाले पनि प्रदर्शनकारीको सहमतिविना तस्बिर खिचिने गरेको उल्लेख गर्दै अनुहार पहिचान गर्ने क्यामराबाट बच्न मेकअप प्रयोग गर्न सुझाव दिएकी थिइन् । प्रहरीको कडा निगरानी र धरपकडबीच भारतीय युवा प्रदर्शनकारीहरूले सामाजिक सञ्जाल तथा डिजिटल प्रविधिको सहायताले आन्दोलनलाई निरन्तरता दिने प्रयास गरिरहेका छन् । *रासस⁄एएफपी*

## विपक्षी नेताहरु हिरासतमा

**नयाँदिल्ली–** भारतमा मतदाता सूचीमा हेरफेर भएको आरोप लगाउँदै निर्वाचन आयोग प्रमुखको राजीनामा मागेर प्रदर्शन चर्किरहेका बेला युवा नेतृत्वको कक्रोच जनता पार्टी (सिजेपी) का प्रमुख नेताहरूलाई प्रहरीले हिरासतमा लिएको छ । पार्टीका नेताहरूले मंगलबार नयाँदिल्लीस्थित जन्तर मन्तरमा लगाइएको सुरक्षा घेरा तोडेर प्रवेश गरेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको बताएका छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्नेगरी मतदाता सूचीमा हेरफेर गरिएको विपक्षीहरूको आरोप छ । उनीहरूले निर्वाचन आयोग प्रमुखको राजीनामा माग्दै पछिल्ला दिनमा सुरक्षा प्रतिबन्ध उल्लंघन गरेर प्रदर्शन गरिरहेका छन् । यद्यपि, निर्वाचन आयोगले अनियमितता भएको आरोप अस्वीकार गरेको छ ।

दिल्ली प्रहरीले सोमबार जन्तर मन्तरलाई आधिकारिक प्रदर्शनस्थलको सूचीबाट हटाइएको जनाएको थियो । राजधानीको केन्द्रमा रहेको उक्त स्थललाई पहेँलो धातुका बारले घेरेर केही दिनदेखि बन्द गरिएको थियो र त्यहाँ ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो ।

तर, मंगलबार सिजेपी नेता अभिजीत दिप्केले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा प्रदर्शनकारीहरू सुरक्षा बार पार गर्दै जन्तर मन्तरभित्र प्रवेश गरी राष्ट्रिय झण्डा फहराएको देखिन्छ । प्रहरीले उनीहरूलाई पछ्याउँदै नियन्त्रणमा लिएको थियो । सिजेपीले सामाजिक सञ्जालमा आफ्ना नेता सौरभ दास, आशुतोष रंका र अजिंक्य सिन्देसहितका नेताहरूलाई प्रहरीले हिरासतमा लिएको जनाएको छ । दिप्केले प्रधानमन्त्री मोदीलाई सम्बोधन गर्दै प्रतिरोधलाई रोक्न नसकिने बताएका छन् ।

दिल्ली प्रहरीले जन्तर मन्तरको विकल्पका रूपमा सोमबार तीनवटा आधिकारिक प्रदर्शनस्थल तोकेको थियो । दशकौंदेखि प्रदर्शन हुँदै आएको जन्तर मन्तरमा सिजेपीले पनि यसअघि आन्दोलन गरेको थियो । उक्त पार्टीको प्रदर्शनपछि परीक्षामा अनियमितता भएको विवादका कारण गत जुलाईमा शिक्षामन्त्रीले पद छाडेका थिए ।

यसैबीच, प्रधानमन्त्री मोदीले मंगलबार नयाँदिल्लीमा आयोजित व्यापार सम्मेलनमा भारतलाई 'लोकतन्त्रकी जननी' बताएका छन् । उनले देशमा विभिन्न विषयमा खुला बहस हुने र फरक दृष्टिकोणमाथि छलफल गरिने उल्लेख गरे । तर, उनले जारी विरोध प्रदर्शनबारे प्रत्यक्ष टिप्पणी गरेनन् । *रासस⁄एएफपी*

# आइएमएफको विश्व आर्थिक वृद्धि अनुमानमा सुधार

**बैंकक–** अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले सन् २०२६ को विश्व आर्थिक वृद्धिको अनुमान बढाएर ३.१ प्रतिशत पुऱ्याए पनि युद्धका कारण बढेको ऊर्जा मूल्य र कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा लगानीले विश्व अर्थतन्त्रमा विभाजन बढाउने चेतावनी दिएको छ । सन् २०२५ मा विश्व आर्थिक वृद्धि ३.५ प्रतिशत थियो ।




आइएमएफले मंगलबार सार्वजनिक विश्व आर्थिक परिदृश्य प्रतिवेदनमा विकसित अर्थतन्त्रले एआई प्रविधिमा भइरहेको लगानीबाट लाभ लिने भए पनि ऊर्जा आयातमा निर्भर न्यून आय भएका देशहरू महँगी र आपूर्ति संकटबाट बढी प्रभावित हुने जनाएको छ ।

अमेरिकाले फेब्रुअरीदेखि इरानविरुद्ध जारी राखेको युद्धका कारण मध्यपूर्वमा तनाव बढ्नुका साथै प्रशोधित पेट्रोलियम पदार्थको मूल्य युद्धअघिको तुलनामा ७० देखि ९५ प्रतिशतसम्म महँगिएको प्रतिवेदनमा उल्लेख छ । युद्ध लम्बिए मुद्रास्फीति बढ्ने र आर्थिक वृद्धि सुस्त हुने आइएमएफकी प्रमुख अर्थशास्त्री सिल्भाना टेन्रेइरोले बताए ।

आइएमएफका अनुसार सन् २०२६ मा मध्यपूर्व र मध्यएसियाको अर्थतन्त्र ०.३ प्रतिशतले खुम्चिने छ भने साउदी अरेबियाको अर्थतन्त्र ३.३ प्रतिशतले संकुचित हुने अनुमान छ । यसको विपरीत विकसित अर्थतन्त्रहरू २.१ प्रतिशतले विस्तार हुने अपेक्षा गरिएको छ । एआई प्रविधिको आपूर्ति शृंखलामा महत्त्वपूर्ण भूमिका रहेका ताइवान र दक्षिण कोरियाले तुलनात्मकरूपमा बढी लाभ लिने छन् ।

चीनको आर्थिक वृद्धिदर भने ०.५ प्रतिशत बिन्दुले घटेर ४.५ प्रतिशतमा सीमित हुने अनुमान छ । विश्वव्यापी मुद्रास्फीति सन् २०२६ मा ४.७ प्रतिशत पुग्ने आइएमएफको प्रक्षेपण छ । एआई प्रविधिमा लगानीबाट अपेक्षित लाभ नआए लगानी घट्ने र वित्तीय अवस्था थप कडा हुने जोखिमसमेत प्रतिवेदनले औंल्याएको छ ।

टेन्रेइरोले आर्थिक जोखिम सामना गर्न सरकारले ऊर्जा तथा अन्य वस्तुको मूल्यवृद्धिबाट प्रभावित नागरिकलाई अस्थायी र लक्षित सहायता दिनुपर्ने बताए । मुद्रास्फीति नियन्त्रणमा राख्न मौद्रिक नीति मूल्य स्थिरतामा केन्द्रित गर्नुपर्ने र अर्थतन्त्रको वित्तीय क्षमता तथा आपूर्ति प्रणाली बलियो बनाउनुपर्ने उनको भनाइ थियो । *रासस⁄एएफपी*

# हवाई रक्षा प्रणालीको असफलताबारे अध्ययन गर्दै साउदी अरब

**कायरो–** साउदी अरबले राजधानी रियादस्थित विमानस्थलमा भएको घातक हुथी आक्रमण रोक्न आफ्नो हवाई रक्षा प्रणाली किन असफल भयो भन्ने विषयमा अनुसन्धान सुरु गरेको छ । इरान समर्थित यमनका हुथी विद्रोहीले प्रहार गरेका क्षेप्यास्त्र र ड्रोन आक्रमणमा कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै ३०० भन्दा बढी घाइते भएको क्षेत्रीय अधिकारीहरूले सोमबार बताएका छन् ।

सार्वजनिकरूपमा टिप्पणी गर्ने अधिकार नभएकाले नाम नखुलाउने सर्तमा बोलेका दुई क्षेत्रीय अधिकारीका अनुसार प्रारम्भिक अनुसन्धानले हुथी विद्रोहीले सुरुमा धेरै ड्रोन प्रहार गरी त्यसपछि क्रुज र ब्यालिस्टिक क्षेप्यास्त्रमार्फत रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा आक्रमण गरेको देखाएको छ ।

हुथी विद्रोहीसँग ब्यालिस्टिक क्षेप्यास्त्र तथा उडानकै क्रममा आफ्नो दिशा परिवर्तन गर्न सक्ने उन्नत प्रणाली जडित हतियार रहेको बताइएको छ । यस्ता हतियारले साउदी अरबले प्रयोग गर्दै आएको प्याट्रियटलगायतका हवाई रक्षा प्रणालीलाई चुनौती दिन सक्छन् ।

अनुसन्धानले एक हजार किलोमिटरभन्दा बढी दूरी पार गरेर रियाद पुगेका क्षेप्यास्त्र र ड्रोनबारे साउदी हवाई रक्षा प्रणालीले किन समयमै पूर्वचेतावनी दिन सकेन भन्ने विषय पनि खोतल्ने अधिकारीहरूले बताएका छन् ।

गत सातादेखि साउदी अरबका विभिन्न विमानस्थललाई लक्षित गरी भइरहेका हुथी आक्रमणमध्ये पछिल्लो घटनाले देशको हवाई रक्षा प्रणालीमा रहेका कमजोरी उजागर गरेको छ । साथै, सात महिनाभन्दा लामो समयअघि अमेरिका र इजरायलले इरानविरुद्ध युद्ध सुरु गरेपछि विस्तार हुँदै गएको मध्यपूर्वको द्वन्द्व थप जोखिमपूर्ण मोडमा पुगेको संकेत गरेको छ । साउदी नेतृत्वको गठबन्धनले सोमबार रियादतर्फ प्रहार गरिएका ब्यालिस्टिक क्षेप्यास्त्रका दुई समूहलाई अवरोध गरी नष्ट गरेको जनाएको छ । सोमबार राति राजधानीमा कम्तीमा तीनवटा विस्फोटको आवाज सुनिएको थियो। त्यसपछि नागरिक सुरक्षा अधिकारीहरूले तत्कालका लागि खतरा टरेको बताएका थिए । *रासस⁄एपी*

# अमेरिका–मेक्सिको–क्यानडा व्यापार सम्झौता कायमै



**मेक्सिको सिटी–** मेक्सिकोकी राष्ट्रपति क्लाउडिया शेनबामले अमेरिका, मेक्सिको र क्यानडाबीचको व्यापार सम्झौता (युएसएमसिए) अझै वैध तथा कार्यान्वयनमा रहेको स्पष्ट पारेका छन् । उनले सम्झौताको नियमित समीक्षा भइरहेको भए पनि त्यसलाई अन्त्य गर्ने वा खारेज गर्ने प्रक्रिया सुरु भएको अर्थमा बुझ्न नहुने बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त सम्झौता खारेज गर्न वा त्यसको स्थानमा नयाँ सम्झौता ल्याउन सकिने संकेत दिँदै आएका बेला शेनबामको यो भनाइ सार्वजनिक भएको हो । शेनबामका अनुसार युएसएमसिएको व्यवस्थाअनुसार सम्झौता लागू भएको छ वर्षपछि यसको कार्यान्वयन, प्रभावकारिता तथा आवश्यक सुधारका विषयमा समीक्षा गरिन्छ । उक्त प्रक्रियाले सम्झौतालाई थप १६ वर्षका लागि विस्तार गर्न तीनै देश सहमत छन् वा छैनन् भन्ने विषयकोसमेत टुंगो लगाउने छ ।

मेक्सिको र क्यानडाले सम्झौतालाई थप १६ वर्षका लागि विस्तार गर्न प्रस्ताव गरेका छन् भने अमेरिकाले आगामी १० वर्षसम्मको संरचना कायम राख्दै प्रत्येक वर्ष समीक्षा गर्ने प्रस्ताव अघि सारेको छ । यस विषयमा तीनै देशबीच छलफल जारी रहे पनि हालसम्म अन्तिम सहमति जुट्न सकेको छैन ।

मेक्सिकोका लागि यस समीक्षाको प्रमुख प्राथमिकता अमेरिकामा निर्यात हुने आफ्ना सवारीसाधन, स्टिल र आल्मुनियममा लगाइएका भन्सार शुल्क घटाउनुका साथै समीक्षा अवधिमा थप नयाँ शुल्क लगाउनबाट रोक्नु रहेको राष्ट्रपति शेनबामले बताएका छन् । अमेरिकाले सम्झौतालाई स्वतः विस्तार नगर्ने निर्णय गरेपछि गत जुलाई १ देखि समीक्षा प्रक्रिया सुरु भएको हो । यस प्रक्रियाले उत्तर अमेरिकी क्षेत्रको व्यापार सम्बन्ध, औद्योगिक उत्पादन तथा तीनै देशबीचको आर्थिक सहकार्यको आगामी दिशालाई प्रभाव पार्न सक्ने छ । *रासस⁄सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९२२०० | प्रति तोला – ० | प्रति तोला – ४३५५ |



**धान पहेंलै** | धनगढी उपमहानगरपालिका–३, फाप्ला क्रिकेट खेल मैदान नजिकै खेतमा पहेंलपुर भएर पाकेको धानबाली ।
*तस्बिर: तिलकराज ओझा/रासस*

## मुस्ताङबाट ३० प्रतिशतमात्र स्याउ निकासी

**मुस्ताङ (प्रस)**– हालसम्म मुस्ताङमा उत्पादित ३० प्रतिशतमात्रै स्याउ जिल्ला बाहिर निकासी भएको छ । असोज ११ गतेको भारी वर्षाका कारण बाढीपहिरो र नदी कटानले बेनी–जोमसोम सडक दुई सातासम्म अवरुद्ध हुँदा स्याउ निकासी प्रभावित भएको हो ।

सडक अवरुद्ध भएपछि यहाँ उत्पादित स्याउ गत वर्षको यसै समयको तुलनामा ज्यादै कम निकासी भएको छ । उक्त सडक सञ्चालन भएसँगै स्याउ बजार पठाउन थालिएको छ । यस वर्ष स्याउ उत्पादन राम्रो भए पनि सडक अवरुद्धका कारण व्यापारी र किसानलाई बिक्री तथा व्यवस्थापनमा समस्या परेको कृषि तथा पशु विकास शाखा मुस्ताङका प्रमुख डा लालमणि अर्यालले बताए ।

अहिलेसम्म ७० प्रतिशत बजारमा पठाइसक्नुपर्नेमा ३० प्रतिशतमात्रै स्याउ जिल्ला बाहिर निकासी भएको उनले बताए । यहाँ उत्पादित स्याउमध्ये १० प्रतिशत मुस्ताङमै खपत हुने गरेको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मुस्ताङका प्रमुख भरत गौतमका अनुसार यस वर्ष १० हजार मेट्रिक टन स्याउ उत्पादन भएको अनुमान छ । गत वर्ष सात हजार मेट्रिक टन उत्पादन भएको थियो । उत्पादन वृद्धि भएकाले यस वर्ष झन्डै रु दुई अर्बको स्याउ बिक्री हुने उनको अनुमान छ । भारी वर्षाले अवरुद्ध बेनी–जोमसोम सडक मर्मतपछि सडक सञ्चालन भए पनि उक्त सडक पूर्ण रूपमा सहज भने अझै भइसकेको छैन । तर, यहाँका किसानले बजारमा स्याउको बिक्री गर्ने याम घर्किन लागेको हुँदा अहिले धमाधम स्याउ टिपेर बजार पठाउन थालेका छन् ।

# चार महिनापछि गुल्मीमा हवाई सेवा सञ्चालन

■ प्रभाव संवाददाता



**गुल्मी**– रेसुंगा विमानस्थलको हवाई सेवा मंगलबारबाट पुनः सञ्चालनमा आएको छ । प्रतिकूल मौसमका कारण करिब चार महिनादेखि उक्त विमानस्थल प्रभावित भएको थियो । गुल्मीको रेसुंगा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले गत जेठको तेस्रो सातादेखि जिल्लामा हवाई उडान अवरुद्ध भएको जानकारी दिए । खराब मौसम, बाक्लो कुहिरो र हावाको चापका कारण उडान सञ्चालनमा समस्या आउन सक्ने भएकाले हवाई सेवा बाध्य भइ रोक्नुपरेको उनले बताए ।

हवाई सेवा सञ्चालनमा आएसँगै मंगलबार काठमाडौँबाट १३ यात्रु बोकेर विमान गुल्मीमा अवतरण भएको थियो भने गुल्मीबाट दुई जना यात्रु बोकेर काठमाडौँ फर्किएको छ ।

नेपाल वायुसेवा निगमले मौसम अनुकूल भएसँगै सातामा तीन दिन उडान गर्नेगरी नयाँ तालिका निर्धारण गरेको छ । लामो समयदेखि हवाई सेवा प्रभावित हुँदा वृद्धवृद्धा, बिरामी तथा अत्यावश्यक कामले राजधानी काठमाडौँसम्म जानुपर्ने यात्रु बढी समस्यामा परेका थिए । रेसुंगा विमानस्थलमा नेपाल वायुसेवा निगमले १८ सिट क्षमताको ट्वीनअटर विमानमार्फत काठमाडौँ-गुल्मी र गुल्मी-काठमाडौँ उडान गर्दै आएको छ ।

निगमले मंगलबारदेखि उडान तालिका समयमा समेत परिवर्तन गरेको छ । जसअनुसार आइतबार र मंगलबार काठमाडौँबाट रेसुंगाका लागि बिहान ७:१५ बजे र रेसुंगाबाट काडमाडौँका लागि बिहान ८:१५ बजे र शुक्रबार काठमाडौँबाट रेसुंगाका लागि बिहान ६:२० र रेसुंगाबाट काडमाडौँका लागि बिहान ७:२० बजेको तालिका रहेको छ ।

निगमले काठमाडौँबाट गुल्मीका लागि रु १० हजार ७१० र गुल्मीबाट काठमाडौँका लागि रु १० हजार ५१० हवाईभाडा निर्धारण गरेको छ । गुल्मीमा हवाई सेवा सुरु भएपछि आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा समेत सहजता आएको छ । सडकमार्गबाट राजधानी पुग्न १२ देखि १६ घण्टासम्म लाग्ने यस क्षेत्रका नागरिकलाई हवाई सेवाले ४५ देखि ५० मिनेटमै काठमाडौँ आवतजावत गर्न सहज भएको छ ।

नेपाल वायुसेवा निगमले २०८० वैशाख २९ गतेदेखि गुल्मीमा व्यावसायिक रूपमा हवाई सेवा सुरु गरेको थियो । पछिल्लो समय इन्धनको मूल्यवृद्धि, सडक पूर्वाधारको स्तरोन्नति र आरामदायी सार्वजनिक यातायातका साधन सहज रूपमा उपलब्ध हुन थालेपछि रेसुंगा विमानस्थलबाट हवाई यात्रा गर्ने यात्रुको सङ्ख्यामा कमी आएको बताइएको छ ।

**कर्पोरेट**

### ट्रेड इन्जिनको शुभारम्भ, आकर्षक अफरले ग्राहकलाई विशेष लाभ




**काठमाडौं (प्रस)**– इलेक्ट्रोनिक्स तथा घरायसी उपकरणको बिक्री गर्दै आएको ट्रेड इन्जिनले काठमाडौंको ढल्कोमा असोज २५ गते उद्घाटन सम्पन्न गरेको छ । विभिन्न प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थितिमा सम्पन्न उद्घाटन समारोहमा ग्राहकलाई लक्षित गर्दै विशेष उद्घाटन अफरहरू सार्वजनिक गरिएको छ ।

उद्घाटन समारोहमा अभिनेता सलोन बस्नेत, इन्फ्लुएन्सर तथा सामाजिक व्यक्तित्व करिश्मा केसी, मिस नेपाल २०१८ प्रिया सिग्देल, भाइरल शिक्षक होमराज पौडेल, पत्रकार तथा कार्यक्रम सञ्चालक जय प्रधान, नेपाली गायक तथा गीतकार बिनोद ढकाल र टिकटक इन्फ्लुएन्सर धनबहादुर भण्डारी लगायतको उपस्थिति रहेको थियो ।

कम्पनीले उद्घाटनको अवसरमा ग्राहकका लागि विशेष अफर ल्याएको छ । जसअन्तर्गत रु. ५,००० को खरिदमा इलेक्ट्रिक केतली, रु. २०,००० को खरिदमा इन्फ्रारेड कुकर, रु. ५०,००० को खरिदमा चार बर्नर ग्यास स्टोभ तथा रु. १,००,००० को खरिदमा चार बर्नर ग्यास हब मात्र रु. १ मा प्राप्त गर्न सकिनेछ ।

कम्पनीका निर्देशक सोहिल श्रेष्ठका अनुसार, ट्रेड इन्जिनले ग्राहकलाई घरायसी उपकरणहरूमा बजारकै उत्कृष्ट मूल्य, गुणस्तरीय सेवा तथा आकर्षक एक्सचेन्ज अफर उपलब्ध गराउने लक्ष्य राखेको छ । ग्राहकको सन्तुष्टिलाई प्राथमिकतामा राख्दै कम्पनीले विभिन्न विशेष छुट तथा अफरहरू पनि सञ्चालन गरिरहेको उनले बताए । उनका अनुसार, उद्घाटनको अवसरमा ल्याइएको विशेष अफर अष्टमीसम्म मात्र लागू हुनेछ । र उक्त विशेष अफर अष्टमीसम्म मात्र लागू हुनेछ । साथै, ग्राहकका लागि विभिन्न अतिरिक्त अफर तथा आकर्षक योजनाहरू पनि सञ्चालनमा रहेका छन् ।

ट्रेड इन्जिनले गुणस्तरीय उत्पादन, आकर्षक मूल्य र ग्राहककेन्द्रित सेवामार्फत उपभोक्तालाई उत्कृष्ट खरिद अनुभव प्रदान गर्ने लक्ष्य लिएको छ ।

### मञ्जुश्री फाइनान्स लिमिटेडको रक्तदान कार्यक्रम




**काठमाडौं (प्रस)**– मन्जुश्री फाईनान्स लिमिटेडले आफ्नो उन्नाइसौं वार्षिकोत्सवको अवसर पारेर स्वास्थ्य परिक्षण तथा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । उक्त कार्यक्रममा कर्मचारी, संस्थाका ग्राहक तथा अन्य सर्वसाधारण गरि करिब १५० जनाको सहभागिता रहेको थियो भने करिब १२० जनाले निशुल्क स्वास्थ परिक्षणको लाभ लिएका थिए । साथै रक्तदान कार्यक्रम अन्तर्गत जम्मा ५९ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, प्रमुख ब्यापार अधिकृत लगायतका प्रमुखहरूको उपस्थिति रहेको थियो । मन्जुश्री फाईनान्स लिमिटेड २०८३ असोज २८ गतेको दिन आफ्नो स्थापनाको बिसौ वर्षमा प्रवेश गर्दै छ । संस्थाका सामाजिक उत्तरदायित्वमा अग्रपंगतीमा रहेर भूमिका निर्वाह गर्दै आएको यस फाईनान्सले हरेक वर्ष आफ्नो वार्षिकोत्सवको अवसर पारेर बिशेष कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको छ । करिब २ लाख १० हजार ग्राहक माझ सेवा पुर्‍याउँदै आइरहेको यस मन्जुश्रीले हाल सम्म करिब २५ अर्ब निक्षेप संकलन गरि, करिब २२ अर्ब कर्जा प्रवाह गरेको छ । फाईनान्स कम्पनीहरू मध्ये अग्रसर यस मन्जुश्री फाईनान्सले हालसम्म २८ वटा शाखा कार्यालय तथा एउटा विस्तारित काउन्टर मार्फत आफ्नो सेवा सञ्चालनमा ल्याइरहेको छ ।

### भक्तपुरमा बिवाइडीको नयाँ सर्भिस सेन्टर, डल्लुमा बनाइँदै



**काठमाडौं (प्रस)**– बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंकले विश्व स्तरीय ग्राहक अनुभव प्रदान गर्ने प्रतिबद्धतालाई अझ बलियो बनाउदै भक्तपुरमा नयाँ सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ । कम्पनीले काठमाडौंको डल्लुमा अर्को सर्भिस सेन्टर निर्माणका लागि शिलान्याससमेत गरेको छ ।

यी दुई उपलब्धिले नेपालको बढ्दो ग्राहक आधारलाई लक्षित गर्दै बीवाईडीको बिक्रीपछिको सेवा पूर्वाधार विस्तार गर्ने, सर्भिसको पहुँचलाई थप सहज बनाउने र सवारीसाधनको स्वामित्व अवधिभर ग्राहकलाई सहज तथा व्यवस्थित सेवाको अनुभव प्रदान गर्ने साइमेक्स इंकको निरन्तर प्रयासलाई थप मजबुत बनाएका छन् ।

बीवाईडीको एसिया-प्यासिफिक अटो सेल्स डिभिजनका डेपुटी जनरल म्यानेजर झाङ जी र असिस्टेन्ट जनरल म्यानेजर तथा आफ्टर सेल्स हेड फेङ एरदोङले भक्तपुरस्थित सर्भिस सेन्टरको उद्घाटन गरेका हुन् । भक्तपुरमा निर्माण गरिएको नयाँ सर्भिस सेन्टर २५ हजार ७२.६० वर्गफिट क्षेत्रफलमा फैलिएको छ । यसलाई सेल्स, सर्भिस र स्पेयर पार्ट्स सम्बन्धी सुविधा एउटै स्थानमा उपलब्ध हुने 'थ्रीएस' सेन्टरका रूपमा विकास गरिएको छ ।

उक्त सर्भिस सेन्टरमा आठवटा सर्भिस बे उपलब्ध छन् । तीमध्ये पाँचवटा हाल सञ्चालनमा आएका छन् भने बाँकी तीनवटा भविष्यमा सवारीसाधनको सर्भिससम्बन्धी आवश्यकता बढ्दै जाँदा प्रयोगमा ल्याइने छ । सो सेन्टरमा सवारीसाधन बिक्रीका लागि शोरुमसमेत चाँडै नै सञ्चालनमा आउने छ ।

**डल्लुको शिलान्यास**

भक्तपुरको सर्भिस सेन्टर उद्घाटनकै दिन काठमाडौंको डल्लुमा नयाँ बीवाईडी सर्भिस सेन्टर निर्माणका लागि शिलान्यास गरिएको छ । यसले राजधानीमा बीवाईडीको सर्भिस पूर्वाधार विस्तार गर्ने अर्को महत्वपूर्ण कोशेढुंगालाई प्रस्तुत गरेको छ ।

उक्त कार्यक्रममा बीवाईडी एसिया-प्यासिफिक अटो सेल्स डिभिजनका डेपुटी जनरल म्यानेजर झाङ जी, असिस्टेन्ट जनरल म्यानेजर र हेड अफ आफ्टर सेल्स फेङ एरदोङ, बीवाईडी एसिया-प्यासिफिक अटो सेल्स डिभिजनका साउथ एसिया रिजनका हेड अफ आफ्टर सेल्स लिउ सियाओफेङ सहित साइमेक्स इंकका चेयरम्यान अनिल श्रेष्ठ, म्यानेजिङ डाइरेक्टर यमुना श्रेष्ठ र सीईओ साहिल श्रेष्ठ सहभागी थिए ।

## सामान्य अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता




**काठमाडौं**– धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार सामान्य अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव १२ अंकले बढेर दुई हजार ५९९ दशमलव ९३ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३५ अंकले बढेर ४७० दशमलव १७ मा पुगेको छ । फ्लोट सूचक शून्य दशमलव ४९ अंकले बढेर १८० दशमलव ०२ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ८४ अंकले बढेर १५८ दशमलव ९७ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड ३५ लाख ५३ हजार ९७ कित्ता सेयर रु चार अर्ब ७३ करोड ६९ लाख २६ हजार ४०९ मूल्यमा खरिद बिक्री भएको छ ।

तेह्र वटै उपसमूहमध्ये पाँच उपसमूह बढ्यो भने आठ उपसमूह घट्यो । १०४ कम्पनीको सेयर बढ्यो भने १६७ कम्पनीको सेयर घट्यो । त्यसैगरी ७ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार सगरमाथा जलविद्युत् कम्पनी, नेपाल लाइफ समृद्धि लगानी योजना, एनआईसी एसिया ग्रोथ फण्डलगायत लगानीकर्ताले कमाएका छन् । त्यसैगरी स्नो रिभर्स, धौलागिरी लघुवित्त वित्तीय संस्था र एनआईसी सेलेक्ट फण्ड लगायतका लगानीकर्ताले गुमाएका छन् ।

## टेलिकम जुम्लाले बाँढ्यो पाँच हजार ७८९ सिमकार्ड

■ प्रभाव संवाददाता




**जुम्ला**– नेपाल टेलिकम शाखा कार्यालय जुम्लाले गत आर्थिक वर्ष २०८२/८३ मा करिब पाँच हजार ७८९ वटा सिमकार्ड वितरण गरेको छ ।

त्यस्तै चालु आवको असोज समान्तसम्म टेलिकमले एक हजार २१२ वटा सिमकार्ड वितरण गरेको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाका प्रमुख पारस पुजाराले जानकारी दिए ।

उनका अनुसार जिल्लामा एक हजार ७२२ ग्राहकले नेपाल टेलिकमको तीव्रगतिको फाइबर इन्टरनेट सेवा लिएका छन् । अहिले जिल्ला सदरमुकाम खलंगा बजारमा मात्र फाइबर इनटरनेट सेवा सञ्चालनमा छ ।

जिल्लाका आठ स्थानीय तहमा टेलिकमको फाइबर इन्टरनेट सेवा विस्तारका लागि टेलिकमको केन्द्रीय कार्यालयसँग पहल भइरहेको प्रमुख पुजाराले बताए ।

टेलिफोन टावर निर्माण नहुँदा गुठीचौर गाउँपालिका-१ स्थित निपानी र तातोपानी गाउँपालिका-८ का ग्रामीण भेगका गाउँबस्तीका स्थानीयवासी टेलिफोन सेवाबाट वञ्चित भएको उनको भनाइ छ ।

जिल्लामा २० स्थानबाट फोरजी सेवा र सातवटा ठाउँमा टुजी सेवासहितका टावरबाट सञ्चार सेवा प्रवाह भइरहेको छ । पछिल्लो समय टेलिकमले जिल्लामा २४ वटा टावर विस्तार गरेको छ । त्यसमध्ये सबैभन्दा बढी चन्दननाथ नगरपालिकाभित्र पाँच, गुठीचौरमा चार, हिमामा तीन, कनकासुन्दरीमा तीन, पातारासीमा दुई, सिञ्जामा दुई, तातोपानीमा दुई र तिलामा तीनवटा टावर विस्तार गरिएको प्रमुख पुजाराले जानकारी दिए ।

पछिल्ला महिनामा ग्रामीण भेगसम्म टेलिकमले टावर विस्तारको कामलाई तीव्रगतिमा अगाडि बढाएको छ । ग्रामीण क्षेत्रमा टेलिफोन नेटवर्कलाई थप सुदृढीकरण गरी गाउँ बस्तीमा सञ्चार सेवा पुर्‍याउने उद्देश्यका साथ टावर विस्तारलाई विशेष जोड दिएको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाले जनाएको छ ।

उक्त कार्यालय आफ्नो कार्यक्षेत्र जुम्लासहित कालीकोट र मुगुमा समेत टावर विस्तार गरेको छ । नेपाल टेलिकमका अनुसार कालीकोटमा २२ र मुगुमा १९ वटा टावर विस्तार गरिएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ